# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छ । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चिततताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

# संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः
चलानी नं.

मितिः २०७५।१२।१५

श्री प्रमुखज्यू,
सुनकोशी गाउँपालिका,
ओखलढुंगा ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट सुनकोशी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२ करोड ८५ लाख ५४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९ लाख १० हजार, नियमित गर्नुपर्ने रु.८४ लाख ४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड २ लाख ९२ हजार र पेश्की रु.८९ लाख ४८ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।५।२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना सताइस (२७) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# सुनकोशी गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने सुनकोशी गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालीका अर्न्तगत १० वडा रहेको ५४ सभा सदस्य १४४ व.की.मी.क्षेत्रफल, १८४५० जनसंख्या, १ नं. प्रदेशमा अवस्थित छ ।

**१ स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम सुनकोशी गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता  र स्थानीय सरकार संचालमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

## संचित कोषको विवरण
### आर्थिक वर्ष २०७४।७५

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | **१६६७४२१६०** |
| | क) नगद | **३०००** | २ | **पूँजीगत खर्च** | **११०४६३४९७** |
| | ख) बैंक | **५११९१४०** | ३ | **कोष खर्च (निकासा फिर्ता)** | **५६२९६५२** |
| २ | **राजस्व (आन्तरिक आय)** | | | ङ) अर्थ वजेट | |
| | क) आन्तरिक राजस्व | **१०७२८४२** | ४ | **मौज्दात** | |
| | ख) राजस्व बाँडफाँड | | | क) नगद मौज्दात | **३०००** |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ख) बैंक मौज्दात | **३६९२२२९५.५५** |
| | क)वित्तीय समानीकरण अनुदान | **१६१९९७०००** | | समानिकरण अनुदान र राजस्व | ३१९४७७३ |
| | ख) सशर्त अनुदान | **१०२२८३०००** | | हेल्भेटास वाँकी रकम | ७८५००० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | साना सिंचाई कार्यक्रम | ३४००००० |
| | क)वित्तीय समानीकरण अनुदान | | | पुरानो योजना वाँकी | ७२८५५१ |
| | ख) सशर्त अनुदान | **१००००००** | | विविध मौज्दात | ६१५७१.५५ |
| ५ | **विषयगत निकायबाट प्राप्त रकम** | **४८२२७०५१** | | | |
| ६ | **अन्य विविध आय** | **५८५७१.५५** | | | |
| | **जम्मा** | **३१९७६०६०४.५५** | | **जम्मा** | **३१९७६०६०४.५५** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को आय व्ययको प्रक्षेपण २०७४ आश्विन ४ मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र नै प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तयारी उपलव्ध गराएको देखिन्छ । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संचालन गर्ने उल्लेख गरेको छ । | |
| ३. | **वजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाँउ सभाले चालु आर्थिक वर्षको आय व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय व्ययको अनुमानीत विवरण २०७४ आषाढ १० भित्र सम्पन्न नगरी २०७४ आश्विन ४ गते मात्र प्रक्षेपण स्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्ने व्यवस्था तर्फ ध्यानाकर्षण गरिएको छ । यो वर्ष सरोकारवाला समेतको सभाले देहाय वमोजिम आ.व. २०७४/७५ को आय तथा व्ययको अनुमान पेश गरेको छ :<br>● गाउँपालीकाले पूर्वाधार तर्फ ९० योजना, सामाजिक विकासमा ३९ योजना, शिक्षागत रुपमा २८ योजना, विविध कार्यक्रम तर्फ ४ योजना, गाँउपालीका तर्फ १४ योजना वाँडफाँड गरेको छ । अन्य योजना २९ रहेका छन ।<br>● सशर्त अनुदानमा प्राप्त स्वास्थ्य, शिक्षा, कृषि, आयुर्वेद र पशु विकास को लगि प्राप्त भएको रु. ८,८४,७९,०००/- सोहि शिर्षकमा खर्च हुनेगरी व्ययको अनुमान स्वीकृत गरेको छ ।<br>● समग्रमा गाँउपालिकाले रु. २५,७०,९५,१४०/- को आय व्ययको अनुमान गरेको देखिन्छ । | |
| ३.१ | **अनुमानमा घटी आय :** गाँउपालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २० लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७४।७५ मा रु.१०,७२,८४५/- अर्थात अनुमानको तुलनामा ५३.६४ प्रतिशत घटी आय प्राप्त गरेको छ । आयको अनमान र वास्तविक प्राप्ती वीच धेरै फरक परेको कारण पहिचान गरी तथा वास्तविक श्रोतको यथार्थता निराकरण गरी आय आर्जन गर्ने तर्फ विशेषरुपले ध्यान दिन आवश्यक देखिएको छ । | |
| ४. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाँउपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | आन्तरिक नियन्त्रण प्रणली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । | |
| ५. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्यनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेको देखिन्छ । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन छनौट राखिनु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ । | |
| ६. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । वडागत योजना, गाउँपालिका योजना र विषयगत पूर्वाधार क्षेत्रमा एउटै कार्यक्रम २ ठाउँमा रकम विनियोजन गरेको छ । जस्तैः गाउँपालिका अन्तर्गत वडा नं. २ मा रहेको भदौरटाकी देउराली रचने सडक को लागि वडाले रु. ५ लाख तथा गाउँपालीकाले सार्वजनिक निर्माणको वजेटवाट सोही योजनामा रु. ५ लाख छुट्याएको देखिंदा दोहोरो परेको छ । विषयगत क्षेत्र सँग सम्वन्धित तथा वडा र गापाको सार्वजनिक निर्माण सँग योजना दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहेरो रुपमा संचालन नगरी एकै ठउँवाट संचालन गर्ने व्यवस्थाको लागि विशेष ध्यानाकर्षण गरिएको छ । विनियोजन गरेको आय व्यय अनुमानको स्थितिमा निम्नानुसार देखिएको छ : | |

**समानिकारण तर्फ**

| सि.नं | शिर्षक | वजेट | रकमान्तर | जम्मा | खर्च | वाँकी |
|---|---|---|---|---|---|---|
| १ | चालु | ४१०००००० | (३००००००) | ३८०००००० | ३०२०४४५१ | ७७९५५४९ |
| २ | पूँजी | १०३६००७०० | ३०००००० | १०६६००७०० | ८८४९८११३ | १८१०२५८७ |
| ३ | पशु | ७३३९६१० | ० | ७३३९६१० | ७३३९६१० | ० |
| ४ | कृषि | १००२०००० | ० | १००२०००० | ९७४७६३५ | २७२३६५ |
| ५ | वन | १४२०००० | ० | १४२०००० | ० | १४२०००० |
| ६ | महिला | १६७१७६० | ० | १६७१७६० | ४५२००० | १२१९७६० |
| ७ | भु संरक्षण | ३१३६९१२ | ० | ३१३६९१२ | ० | ३१३६९१२ |
| ८ | प्रदेश | १०००००० | ० | १०००००० | १०००००० | ० |
| | **जम्मा** | **१६९१८८९८२** | **०** | **१६९१८८९८२** | **१३७२४१८०९** | **३१९४७१७३** |

**सशर्त / विषयगत / निकाशा खर्चको स्थिति**

| सि.नं. | विषय | वजेट | निकासा | खर्च | वाँकी |
|---|---|---|---|---|---|
| १ | पुरानो योजना | १८१०९१२ | १०८२३६१ | १०८२३६१ | ७२८५५१ |
| २ | हेल्भेटास | ५१८०००० | ४३९५००० | ४३९५००० | ७८५००० |
| ३ | साना सिंचई | ३४००००० | ३४००००० | ० | ३४००००० |
| ४ | गरिवसँग विशेश्वर | ४२९००० | ४२९००० | ४२९००० | ० |
| ५ | स्थानीय स्वायत्त | ५४३००० | ५४३००० | ५४३००० | ० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | चालु | | | | |
| ६ | स्थानीय स्वायत्त पूँजी | ६००००० | ६००००० | ६००००० | ० |
| ७ | सामाजिक सुरक्षा | ३२८३८००० | ३२६८९३०० | ३२६८९३०० | १४८७०० फिर्ता |
| ८ | शिक्षा | ८४०८८००० | ८१९९०५८५ | ८१९९०५८५ | २०९७४१५ |
| ९ | स्वास्थ्य | १६३४४००० | १२९६०४६३ | १२९६०४६३ | ३३८३५३७ |
| १० | कृषी | ९६०००० | ९६०००० | ९६०००० | ० |
| ११ | पशु | ८८७००० | ८८७००० | ८८७००० | ० |
| | **जम्मा** | **१४७०७९९१२** | **१३९९३६७०९** | **१३६५३६७०९** | **१०५४३२०३** |

गाँउपालिकाले मिति २०७४।६।४ मा आर्थिक वर्ष २०७४।७५ को गाँउसभाको वैठकवाट पारीत भएको कूल वजेट रु. २५,७०,९५,१४०।०० को आय व्ययको अनुमान वमोजिम सशर्त अनुदानवाट संचालित कार्यक्रम रु. ८ करोड ८४ लाख ७९ हजार, चालुखर्च रु. ४ करोड १० लाख र पूँजीगत खर्च रु. १२,७६,१६,१४०।०० को अनुमान छुट्याई सोही मितिमा अख्तियारी छ ।

गाँउसभाले छुट्टायाएको उल्लेख भए वमोजिम वन, महिला, भू.संरक्षण र पूँजीगत योजना तर्फ रु. ३,१९,४७,१७३।०० खर्च नभई वजेट कार्यान्वयनमा नआएको देखिन्छ । समानीकरण वजेट अनुमान यथार्थपरक र प्राथमिकता एवं सन्तुलनमा आधारित हुनुपर्ने देखिन्छ ।

७. **आन्तरिक ऋण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाँउपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाँउपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।

८. **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाँउपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

९. **लक्ष्य प्रगतीको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्र स्तरिय आयोजना मध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । गाँउपालिकाको वित्तिय प्रगती निम्नानुसार देखिन्छ :

(रु.०००मा)

| सि.नं. | कार्यक्रम | वजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान (राजस्व र प्रदेश समेत) | १६९१८९ | १३६२४२ | ८०.५२ |
| २ | सशर्त अनुदन | ९६७९८ | ९६७९८ | १०० |
| ३ | लाईन आईटम वजेट | ४४८०१ | ३९७३८ | ८८.६९ |

वजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य, समय विच तादाम्यता मिलाई वित्तिय प्रगती अपेक्षापूर्ण वनाउन आवश्यक छ ।

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ९.१ | **योजनागत लक्ष्य प्रगती** : यस गाँउपालिका अन्तर्गत २०७४।७५ मा क्षेत्रगत तथा समानीकरण अनुदान समेत २०४ योजना स्वीकृत गरेकोमा १९३ योजना सम्पन्न गरेको उल्लेख छ । ९ योजनामा पेश्की गएको र २ योजना क्रमागत रुपमा रहेको उल्लेख छ । योजना समयमा सम्पन्न गरिनुपर्दछ । | |
| १०. | **बैंक हिसाब :** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । समानीकरण वाँकी र राजस्व समेत रु. ३,२०,०५,७४४।५५ र अन्य शिर्षकको रु. ४९,१३,५५१।०० समेत रु. ३,६९,२२,२९५।५५ राष्ट्रिय वाणिज्य वैंकको खातामा मौज्दात रहेको छ । नगद मौज्दात वाँकी रु. ३,०००।०० छ । | |
| ११. | **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १० प्रतिशत रु. १ करोड ७ लाख, दोश्रो चौमासिकमा १५ प्रतिशत अर्थात रु. १ करोड ६१ लाख र तेश्रो चौमासिकमा ७५ प्रतिशत रु. ८ करोड २ लाख खर्च गरेको देखिएको छ । यसरी नै आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । तेश्रो चौमासिकमा भएको अधिकाशं खर्च आषाढमा भएको छ । कार्यको गुणस्तरियता सुनिश्चित गर्न अषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ । | |
| १२. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ३७ रहेपनि पदपूर्ति १९ रहेको देखिया भने १८ पद रिक्त रहेका छन । ति मध्ये ५ जना करारमा राखि कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । | |
| १३. | **एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । गरिवी निवारण कोषको समूहगत परिचालन प्राप्त गर्नुपर्ने श्रोतलाई र म.स्व.से. कल्याणकोषको हिसावमा खुलासा समेत नगरेको स्थिति छ । थप श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ । | |
| १४. | **वित्तीय जवाफदेहिता पालना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले नियम विपरीत हानी नोक्सानी हूनेगरी खर्च गरेको तथा नियमावलीको पालना नगरेको अवस्था देखिन आएन । वित्तिय जवाफदेहिताको सूचीगत विवरण यसैसाथ संलग्न छ । | |
| १५. | **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठ्नूपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ती विक्रि, मालपोत, अन्तशुल्क, आय ठेक्का, कर दस्तुरको वडागत लागत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठूपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नूपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १६. | **विशेष भत्ता** : नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट गाँउसभाले २०७५ अषाढ २९ को अनुमोदन अनुसार २०७४।७५ को गाँउ सभा तयारीका लागि २० कर्मचारीलाई १ देखि १२ महिना वढीमा ५० प्रतिशत सम्म प्रोत्साहन भत्ता वापत रु. १०,५५,३९७०० खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको रकम नियन्त्रण गर्नुपर्दछ । | |
| १७. | **सशर्त अनुदान** : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं. १०६४ मिति २०७५।०३।०३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यःतया शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र कृषि तथा पशुपंक्षी मन्त्रालय लगायतबाट रु.१३,५१,१७,०००/- प्राप्त भएको रकम मध्ये आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था अनुरुप गाउँपालिकाले रु.५६,२९,६५२/- खर्च नभई बाँकी रकम संघीय सञ्चित कोषमा मिति २०७५।०३।२९ मा दाखिला गरेको छ । यस सम्वन्धि अन्य व्यहोरा निम्न हुन : | |
| १७.१ | कृषि तथा पशु सम्वन्धि विभिन्न कार्यक्रम संचालन गर्न यो वर्ष गैह्रसरकारी संस्था हेलभेटास नेपाल द्वारा गाउँपालिकालाई रु.५१ लाख ८० हजार उपलब्ध गराएकोमा यो वर्ष रु.४३ लाख ९५ हजार खर्च भई रु.७,८५,०००।०० वाँकी देखिन्छ । उक्त वाँकी रकमको गैह्रसरकारी संस्थावाट कार्यक्रम स्वीकृत गराई कार्यक्रम संचालन गर्ने अन्यथा उक्त रकम सम्वन्धितलाई फिर्ता गरी हिसाव मिलान गर्नुपर्ने रु. .................. | ७८५०००।– |
| १७.२ | **साना सिंचाई कार्यक्रम** संचालन गर्न SDC को प्रत्यक्ष भूक्तानी तथा नेपाल सरकारको श्रोतमा जिल्ला समन्वय समिति ओखलढुंगाको कार्यक्रम तथा अख्तियारी वमोजम रु.३४,००,०००।०० गाउँपालिकाले प्राप्त गरेकोमा उक्त रकम खर्च नभई जिम्मेवारी सारेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को परिपत्रानुसार उक्त रकम सम्वन्धितलाई फिर्ता दिई हिसाव मिलान गर्नुपर्ने रु. | ३४०००००।– |
| १७.३ | **पुरानो योजना** तर्फ गत वर्ष रु. १८,१०,९१२।०० को जिम्मेवारी सारकोमा यो वर्ष रु. १०,८२,३६१।०० खर्च गरी रु. ७,२८,५५१।०० वाँकी देखाएको छ । वडागत पुरानो योजनालाई निरन्तरता गरी सोमा नयाँ रकम थप तथा समायोजन गरी नयाँ योजनामा समाहित गरी गराई वजेटको वाँडफाँड तथा स्वीकृत गर्नुपर्ने व्यवस्था अवलम्वन गर्नुपर्नेमा गरेको देखिएन । पुरानो योजनालाई नै निरन्तरता दिनु उपर्युक्त पनि देखिएन । तसर्थ पुरानो योजनाको वाँकी रकम समानीकरण अनुदानमा समावेश गरी वाँकी रकम फिर्ता प्राप्त गरी हिसाव मिलान गर्नुपर्ने रु.... | ७२८५५१।– |
| १८. | **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष १० वटा वडा कार्यालय मार्फत मालपोत, सिफारीस दस्तुर, पञ्जीकरण, घरधुरी कर, व्यवसाय दर्ता, सवारीसाधन कर लगायतका शीर्षकमा रु. १०,७२,८४५।- राजश्व असूली गरेको विवरण पेश गरेको छ । | |
| १९. | **राजश्व कारोबारको लेखाः** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा  दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनीक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| २०. | **रसीद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टा गरी त्यसलाई दैनीक आम्दानी किताबमा प्रविष्टी गरी तोकिएको समयमा बैङ्क दाखिला खातामा प्रविष्ट गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद के कति छपाई गर्यो, गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसीद पठाएको हो सो खुल्ने रसीद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ । | |
| २१. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| २२. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । एकिकृत विवरण तयार गर्नुपर्दछ । | |
| २३. | **सञ्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सबै बाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गर्ने व्यवस्थालाई तत्काल कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| २४. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक | |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>२५.</td><td>अग्रिम कर : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्नानुसारको भुक्तानीमा नियमानुसार अग्रिम कर कट्टा गर्न छुट भएको वा घटि कट्टा गरेको रु. ६८,१४९।- असुल गरी दाखिला गर्नुपर्ने, रु. ..........
<table>
<tr><th>भौ.नं. र मिति</th><th>वडा नं.</th><th>काम</th><th>भुक्तनी भएको पार्टी</th><th>भुक्तानी रकम</th><th>छुट कर रकम</th></tr>
<tr><td>१८-०७५।३।२४</td><td>७</td><td>वालुवा ढुवानी</td><td>कोलचौर कोटघर कारबारी खानेपानी मर्मत योजना अध्यक्ष रत्न कु. श्रेष्ठ</td><td>८००००</td><td>५७००</td></tr>
<tr><td>१९-०७५।३।२२</td><td>७</td><td>पोल ढुवानी</td><td>च्यानम विद्युत् लाइन विस्तार र पोल खरिद उ.स.</td><td>२१०००</td><td>२१००</td></tr>
<tr><td>८-०७५।३।२४</td><td>७</td><td>पारिश्रमिक</td><td>ल्याब असिस्टेन्ट युवराज ढकाल</td><td>१४३०००</td><td>१४३०</td></tr>
<tr><td>१२-०७४।६।९</td><td>गापा</td><td>बालुवा गिट्टी ढुवानी</td><td>गा.पा. वरपरको बाटो मर्मत</td><td>५४०००</td><td>५४००</td></tr>
<tr><td>१३-०७४।६।१०</td><td>गापा</td><td>खाजा नास्ता</td><td>प्रशान्त फास्ट फुड एण्ड किराना</td><td>२०५०००</td><td>२८००९</td></tr>
<tr><td>१७-०७४।६।२४</td><td>गापा</td><td>भाडा</td><td>प्रथम गाउँसभामा साउण्ड सिस्टम, जेनेरेटर</td><td>३५०००</td><td>३५००</td></tr>
<tr><td>१८३-०७५।३।२४</td><td>गापा</td><td>खाजा नास्ता पान बिलबाट भुक्तानी</td><td>प्रसान किराना पसल एण्ड खाजा घर</td><td>१०००००</td><td>१५०००</td></tr>
<tr><td>११-०७४।२।२४</td><td>गापा</td><td>विभिन्न मितिमा चिया खाजा</td><td>रत्नध्वज तामाङ समेत ९ जनालाई</td><td>३६७३५१</td><td>५५१०</td></tr>
<tr><td>५-२०७५/३/१४</td><td></td><td>विद्यालय सुधार</td><td>कटुन्जे मा.वि.</td><td>१५००००</td><td>१५००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१००५३५१</td><td>६८१४९</td></tr>
</table>
</td><td>६८१४९।–</td></tr>
<tr><td>२६.</td><td>पेश्की : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गाँउपालिकाको ९ जनाको नाममा रु. ५३,२२,०००/- पेश्की वाँकी देखिन्छ । उक्त पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम असूल फछ्र्यौट गर्नुपर्ने रु. .</td><td>५३२२०००।-</td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि. नं.</th><th>पेश्की लिने व्यक्ति । उ.स.</th><th>उद्देश्य</th><th>पेश्की बाँकी रकम</th></tr>
<tr><td>१</td><td>चेत वहादुर कटुवाल (सचिव)</td><td>कार्यालय व्यवस्थापन</td><td>९७०००/-</td></tr>
<tr><td>२</td><td>वडा नं. ५ चेत वहादुर कटुवाल (सचिव)</td><td>सिप विकास</td><td>९७०००/-</td></tr>
<tr><td>३</td><td>वडा नं. ५ पंच वहादुर तामाङ (उ.स.)</td><td>विजूली वत्ति</td><td>१३२०००/-</td></tr>
<tr><td>४</td><td>लाल व.राई (उ.स.अध्यक्ष)</td><td>काभ्रेटार टक्सेलपूल</td><td>३३०००/-</td></tr>
<tr><td>५</td><td>मिन व.राई .(उ.स. अध्यक्ष)</td><td>कुवापानी च्यूरीवोट खा.पा.</td><td>६६०००/-</td></tr>
<tr><td>६</td><td>वल व. आलेमगर (उ.स.अध्यक्ष)</td><td>सिस्नेरी खेलकूद मैदान</td><td>१९८०००/-</td></tr>
<tr><td>७</td><td>पदम व. कटुवाल (उ.स. अध्यक्ष)</td><td>पारा खोला ल.ज.वि.</td><td>६६०००/-</td></tr>
<tr><td>८</td><td>सानु तामाङ (उ.स.अध्यक्ष)</td><td>गा.पा.पूर्वाधार (भवन)</td><td>४६०००००/-</td></tr>
<tr><td>९</td><td>रायटोल उपभोक्ता स.</td><td>रायटोल मो.वाटो</td><td>३३०००/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५३२२०००/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>गाउँपालिकाले साविक गाँउ विकास समितिको पेश्की वेरुजू रकम समेत सारी एकिकृत पेश्कीको विवरण तयार गर्नुपर्नेमा सो प्रक्रिया अवलम्वन नगरे वाट विगतको पेश्की वाँकी र फछ्र्यौटको स्थिति मूल्याङ्कन गर्न सकिएन । विगतको पेश्की जिम्मेवारी सारी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>कार्यसम्पन्न प्रतिवेदन : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यबस्था छ । गाँउपालिका कार्यालयवाट १० वटा निर्माण कार्य आषाढ मसान्त भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त निर्माण कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्र स्वीकृत कार्यक्रम अनुसार कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्दछ । यस सम्वन्धि विवरण निम्न छ :</td><td></td></tr>
<tr><td>२७.१</td><td>यो वर्ष प्रदेश सरकार (सांसद) वाट प्राप्त रु.१० लाखको २ योजना समेत कूल २०४ योजनामा ७ योजना सम्पन्न नभएको स्थिति छ । सम्पन्न नभएका देहायका योजना निम्न छन :
<table>
<tr><th>सि.नं.</th><th>योजना</th><th>वडा</th><th>लागत रकम</th><th>सम्झौता स्थिति</th></tr>
<tr><td>१</td><td>सिस्नेरी खेलकुद मैदान</td><td>३</td><td>६०००००/-</td><td>भएको</td></tr>
<tr><td>२</td><td>काभ्रेटार टोकसेल कठिपूल</td><td>४</td><td>१०००००/-</td><td>भएको</td></tr>
<tr><td>३</td><td>कूवापानी ट्याङ्की निर्माण</td><td>४</td><td>२०००००/-</td><td>भएको</td></tr>
<tr><td>४</td><td>कोलचौर रायटोल मो.वा.</td><td>७</td><td>१०००००/-</td><td>भएको</td></tr>
<tr><td>५</td><td>विजूली वत्ति विस्तार योजना</td><td>५</td><td>४०००००/-</td><td>भएको</td></tr>
<tr><td>६</td><td>कार्यालय व्यवस्थापन</td><td>५</td><td>३५००००/-</td><td>भएको</td></tr>
<tr><td>७</td><td>सचेतना व्यवसायीक योजना</td><td>५</td><td>२०००००/-</td><td>भएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१९५००००/-</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७.२</td><td>यस वर्ष ल.ई. रु. ३,३०,५६२।- को ध्वजेबारी योगीस्थान सडक मर्मत योजना वडा नं. १ लाई कार्यसम्पन्न भई रु. ३,००,०००।- भुक्तानी गरेकोमा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन । कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने, रु.</td><td>३०००००।–</td></tr>
<tr><td>२७.३</td><td>यो वर्ष योजना स्वीकृत भएका तर सम्झौता नभएका योजना निम्न हुन :</td><td></td></tr>
<tr><td></td><td>• महिला स्वयमसेविका प्रोत्साहन ANC/PNC र जेष्ठ नागरिक सम्मान ५-२,००,०००/-<br>• गापावाट भवन निर्माण तथा पूर्वाधार विकासमा रु.९० लाख छुट्याई रु.४६,००,०००/-</td><td></td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | पेश्की दिएकोमा निर्माण कार्य सम्पन्न नभई आगामी वर्षमा सरेको छ । | |
| २८. | **आर्थिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाँउपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको अवस्था समेत मुल्याङ्कन गर्न सकिने स्थिति देखिएन । | |
| २९. | **उपभोक्ता समिति मार्फत कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| ३०. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्था अनुरुप स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिका अर्न्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद वाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कल्याण कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन । ऐनमा भएको व्यवस्था पालना गरिनुपर्दछ । | |
| ३१. | **लक्षित समूह खर्च** : लक्षित समुहको मागको आधारमा लक्षित समुहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरियता सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाँउपालिकाले कार्यक्रम वाहेक महिला स्वास्थ्य स्वयम सेविकालाई प्रति कर्मचारी रु. १५,०००/- ले ७२ जनाको रु. १०,८०,०००/– र जेष्ठ नागरिक ५० जनालाई रु. ५०००।०० का दरले रु.२,५०,०००।०० समेत रु. १३,३०,०००।- खर्च लेखेकोले कार्यविधिको पालना गरेको देखिएन । यस्तो खर्च रकम नियमित गर्नुपर्ने रु. …….. | १३३००००/- |
| ३२. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाँउपालिकाले यो वर्ष वातावरण संरक्षण तथा विपद व्यवस्थापन तर्फ रु.४५ लाख वजेट तय गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा गाँउक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन् । ढल निर्माणको एकीकृत बहु वर्षे योजना र प्रगती पेश भएन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी ग्रामीण वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम संचालन गरिनुपर्दछ । शीर्षक अनुसारको वजेटमा पर्याप्त ध्यान दिएको देखिएन । | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
| --- | --- | --- |
| ३३. | **सामाजिक सुरक्षा भत्ता :** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई बाँकी रहेमा संघिय संचितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको कार्यालयलाई यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत कुल रु.३,२६,८९,३००/- निकासा भएकोमा सोही अनुसार खर्च गरेको छ । | |
| ३३.१ | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८ (क) मा केन्द्रिय पञ्जिकरण विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने र दफा १८(ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ । केन्द्रिय पञ्जिकरण विभागले व्यवस्था गरेअनुरुप गाँउपालिकाले लाभग्राहीको विवरण व्यवस्थापन सुचना प्रणालीमा अद्यावधिक गरी बैङ्क मार्फत भत्ता वितरण गरेको देखिएन ।<br>जिल्ला समन्वय समितिले तयार गरेको गत आ.व. २०७३/७४ को लगतको आधारमा गाँउपालिकाले आ.व. २०७४/७५ मा सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखियो । गाउँपालिका सँग आफ्नो अद्यावधिक लगत किताब नभएको तथा व्यवस्थापन सुचना प्रणालीमा विवरण प्रविष्टी गरी लगत अद्यावधिक नगरेको अवस्थामा वितरण गरेको सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीले प्राप्त गरे भन्ने सम्बन्धमा आश्वस्त हुन नसकिने हुँदा गाउँपालिकाले सम्पूर्ण लाभग्राहीको लगत विवरण व्यवस्थापन सुचना प्रणालीमा प्रविष्ट गरी बैङ्क मार्फत मात्र भत्ता वितरण गर्नुपर्दछ । | |
| ३३.२ | **बाँकी रकम :** सामाजिक सुरक्षा भत्ता वापतको वितरण नभई बाँकी रहेको वडा नं. १ को प्रथम चौमासिकको रु. ८०००।- र तेस्रो चोमासिकको रु. ७१००।- समेत रु. १५,१००।- असूल गरी दाखिला गर्नुपर्दछ, रु. ........... | १५१००।– |
| ३४. | **प्राकृतिक तथा व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत राखेको तथा सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाँउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा गाँउपालिकामा अवस्थित व्यवसायीक संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाँउपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । सुनकोशी र मोलुङ नदी तथा सल्लोको खोटो, खयर आदिको आय ठेक्का नलगाएको र कूनै पनि आय प्राप्त गरेको देखिएन । | |
| ३५. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३६. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा पालिकाले कूनैपनि कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | एकिन गरी असुल गर्नुपर्दछ । चम्पादेवी, ककनी जस्ता पर्यटकिय स्थलको लागि आवश्यक व्यवस्था हुनुपर्दछ । | |
| ३७. | **मुल्य अभिवृद्धि कर:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता बिल भरपाई स्थानीय निकायले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिलाई खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएको देखिन्छ । | |
| ३८. | **अनुगमन प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम अनुगमन भएका कार्यको प्रतिवेदन पेश गर्नुपर्दछ । गाउँपालिकाका विभिन्न पदाधिकारीहरुवाट विभिन्न समयमा योजना तथा अन्य कार्यक्रम संचालनको संभाव्यता अध्ययन, अनुगमन, निरिक्षण तथा भ्रमण भएकोमा अनुगमन तथा निरिक्षण प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नु पर्दछ । | |
| ३९. | **आनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्नानुसारको निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको रु. ५४,७८७।- असुल गरी संचितकोष दाखिला गर्नुपर्ने रु. ........................ | ५४७८७।– |

| भौ.नं./मिति | योजना | लागत अनुमान | गा.पा. | उपभोक्ता समिति | कार्यसम्पन्न | भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ११-०७५।३।१३ | थुम्लेघाट सिस्नेरी मोटर बाटो, वडा नं. १ | १६३९८८४ | १४०००००० | २३९८८४ | १६०१६६६ | १४०००००० | ३२६५८ |
| १९-०७५।३।२२ | कामीडाँडा खानेपानी योजना, वडा नं. १ | ५६४७६० | ५००००० | ६४७६० | ५३९७८४ | ५००००० | २२१२९ |
| | **जम्मा** | **२२०४६४४** | **१९००००००** | **३०४६४४** | **२१४५४५०** | **१९००००००** | **५४७८७** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४०. | **सेवा करार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । गाँउपालिकाले सेवा प्रवाहको लागि भएको भनी विभिन्न मितिमा सम्झौता गरी गाँउपालिकको सिफारिसमा कम्प्यूटर अपरेटर, अमिन, अनमी लगायत विभिन्न सेवाका कर्मचारी नियुक्ती गरी खर्च लेखेको पाइयो । यसरी नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी सेवा करार लिनुपर्नेमा सिफारिसको आधारमा मात्र लागू हुने गरी करार सेवा गरी यस आ.ब.मा रु. ८,१९,८२०/- खर्च गरेको नियमसम्मत देखिएन । रु. ........................ | ८१९८२०।– |
| ४१. | **आर्थिक साहायता:** विभिन्न व्यक्तिलाई विभिन्न रोग सम्वन्धि उपचार गर्न रु.५,०००।०० देखि रु. २०,०००।०० सम्म सभाले रु. १२,२५,०००।०० आकस्मिक कोष भनि खर्च लेखेको छ । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था नभएको देखिदां खर्च रकम अनियमित देखिएको रु. | १२२५०००/- |
| ४२. | **तलवी प्रतिबेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलवी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | लेख्नुपर्नेमा कार्यालयले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी कर्मचारीको तलब खर्च लेखेको देखियो । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ४३. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई गाउँपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले SUTRA प्रयोगमा ल्याई आर्थिक कारोवार लेखाङ्कन गरेको छैन । सफ्टवेयर प्रयोग गरी आर्थिक कारोवार संचालनमा ल्याउनु पर्दछ । | |
| ४४. | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले संचालनमा ल्याएको ठुला सडक योजना, विद्युत, खानेपानी, कूलो लगायतका १८१ योजनामा रु. ७,१५,६३,०४०।- खर्च गरेकोमा सोको सार्वजनिक परीक्षण पूर्णरुपमा गरेको छैन । वडा वाट संचालित विभिन्न योजनाको सार्वजनिक परिक्षण र सुनवाईको व्यवस्था अवलम्वन गरी सम्पन्न योजना उपभोक्तालाई हस्तान्तरण हुनुपर्दछ । | |
| ४५. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागीतामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । ठुला योजना छनोटलाई प्राथमिकतामा राखिनुपर्दछ । | |
| ४६. | **करको व्यवस्था :** आर्थिक वर्ष २०७४।७५ मा गाउँपालिकाले घर धुरी कर रु. ५०।- देखि रु. २००।-, मालपोत तर्फ रु. ७।- देखि रु. १५।- प्रति रोपनी, व्यवसायकर रु. १०००।- देखि रु. १५,०००।-, दस्तुर रु. ५०।- देखि रु. २००।-, मुद्दा दर्ता रु. १००।-, पर्यटन शुल्क रु. १००।- देखि रु. ५००।- तथा सवारी कर रु. २५।- देखि रु. १०००।- सम्म रहेको छ । | |
| ४७. | **पम्प सेट खरिद :** गाउँपालिका र उपभोक्ता समिति बिच रु. ५,८१,२६८।- मा सम्झौता भई वडा नं. १ डुडुवामा पम्प सेट खरिद निर्माण योजना सम्पन्न भएकोमा निर्माण सम्पन्न पश्चात् उक्त योजना गाउँपालिकाले उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । योजनामा पम्प सेट थान १, सोलार प्यानल (३००० वाट) ४ थान, कन्ट्रोल प्यानल सेट १ लगायतका मूल्यवान सामाग्री खरिद भएकोमा उक्त सामाग्री वडा कार्यालयमा जिन्सी आम्दानी बाँधेको देखिएन । उपभोक्ता समितिहरु निश्चित उद्देश्य पूर्तीको लागी गठन भई योजना सम्पन्न पश्चात् स्वतः अस्तीत्व समाप्त हुने भएकोले आयोजनामा खरिद गरिएका मेशिनरी औजार लगायतका मूल्यवान् सामाग्रीको जिन्सी लगत वडा कार्यालयको जिन्सी खातामा बाँधी व्यवस्थित गर्नुपर्दछ । साथै यस प्रकारका मेशिनरी लगायतका मूल्यवान सामाग्रीहरु गाउँपालिका वा वडा कार्यालयवाटै खरिद गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने व्यवस्था गर्नुपर्दछ । खरिद भएको पम्प सेट वडा कार्यालयमा जिन्सी दाखिला गरेको तथा उपभोक्ता समितिलाई हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने, रु. ………… | ५८१२६८।– |
| ४८. | १४-०७५/३/१९ ,**सोलार प्यानलमा भ्याट** : मूल्य अभिवृद्धी कर ऐन, २०५२ को अनुसूची १ वमोजिम सौर्य उर्जामा प्रयोग हुने सोलार प्यानल लगायतका उपकरणमा मू.अ.कर छुट हुने व्यवथा छ । वडा नं. १ को डुडुवा पम्प सेट खरिद निर्माण योजना अन्तर्गत New Shrestha Machinery Concern, Kathmandu बाट खरिद भएको रु. २,२५,०००।- को ४ थान सोलार प्यानलमा रु. २९,२५०।- मू.अ.कर वापत भुक्तानी गरेको देखियो । सोलार प्यानल नेपाल सरकारले कर छुट दिएको आइटममा पर्ने भएकोले मू.अ. कर वापत भुक्तानी दिएको रकम असूल हुनुपर्दछ, रु. ………… | २९२५०।– |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>४९.</td><td>फरक कार्यक्रममा खर्च: १७-०७५।३।१९, आ.व. २०७४।७५ मा सञ्चालित कार्यक्रम मध्ये वडा नं. १ मा महिला स्वास्थ्य स्वयमसेविकाहरू ८ जनालाई खाजा खर्च वापतको रू. १,२०,०००।- वाट मिति २०७४।१२।१९ मा वडा स्तरीय निर्णय गरी स्वास्थ्य चौकीमा करारमा कार्यरत का.स. देवका राईलाई श्रावण देखि फाल्गुन सम्मको तलब भत्ता वापत रू. ७२,०००।- र स्वास्थ्य चौकी तथा वडा समितिको विभिन्न वैठक र अन्तकृर्या कार्यक्रम सञ्चालन र व्यवस्थापनमा रू. २८,०००।- खर्च गरेको नियमसम्मत नदेखिएको, रु. ....</td><td>१०००००।–</td></tr>
<tr><td>५०.</td><td>वैठक भत्ताको भरपाई : गाउँपालिका अन्तर्गत यस वर्ष विभिन्न मितिमा भएका विभिन्न वैठकको भत्ता वापतको रकम निम्नानुसारका पदाधिकारीले हालसम्म पनि बुझेको देखिएन । सम्बन्धितले बुझेको भएमा खर्च पुष्टि हुने आधिकारीक प्रमाण पेश गर्नुपर्ने, अन्याथा खर्च लेखेको रकम असूल गरी दाखिला गर्नुपर्ने देखिएको, रु. .................</td><td>६४३५०।–</td></tr>
<tr><td>५१.</td><td>
<table>
<tr><th>भौ.नं./मिति</th><th>नाम</th><th>रकम</th><th>भौ.नं./मिति</th><th>नाम</th><th>रकम</th></tr>
<tr><td rowspan="2">३-०७४।६।५</td><td rowspan="2">लक्षुमन कामी समेत १६ जना ४० वैठक</td><td rowspan="2">४१६५०।-</td><td>९२-०७४।१२।५</td><td>झनक कु. कार्की ५ वैठक</td><td>४२५०।-</td></tr>
<tr><td>१०२-०७५।१।२०</td><td>विष्णु आले मगर</td><td>२८५०।-</td></tr>
<tr><td>९२-०७४।१२।५</td><td>दुर्गा कु. तामाङ ५ वैठक</td><td>४२५०।-</td><td>१०२-०७५।१।२०</td><td>जंग ध्वज तामाङ</td><td>२८५०।-</td></tr>
<tr><td>९२-०७४।१२।५</td><td>खिलानाथ तामाङ ५ वैठक</td><td>४२५०।-</td><td></td><td>जम्मा</td><td>६४३५०।-</td></tr>
<tr><td>९२-०७४।१२।५</td><td>लक्षुमन कामी ५ वैठक</td><td>४२५०।-</td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२.</td><td>विल वेगर भुक्तानी : अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गा.पा.ले फोक्सेनी-डाँडाखेत-ढाडखोला-सिमपानी खानेपानी योजना निर्माणमा हिलगिरी सप्लायर्स एण्ड ट्रेडर्सलाई पाइप खरिद वापत विजक नं.२९६५ मिति ०७४।११।२१ वाट रु. २,७८,३७२।५१ भुक्तानी दिएकोमा सप्लार्यसको कार्वन कपि बिल मात्र संलग्न गरेकोले दोहोरो भुक्तानी हुन सक्ने देखिएकोले सक्कल विल पेश गर्नुपर्ने, अन्यथा सो विलवाट भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. .................</td><td>२७८,३७२/-</td></tr>
<tr><td>५२.१</td><td>स्वास्थ्य चौकिको का.स. को तलव भत्ता वापत कटुन्जे स्वास्थ्य चौकीलाई रु.७१,९३७।०० भुक्तानी गरेकोमा सो को भरपाई पेश नभएको हुनाले खर्च पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने, अन्यथा असुल गर्नुपर्ने रु. ....................................</td><td>७१९३७/-</td></tr>
<tr><td>५२.२</td><td>१-०७५/१/२७, वडा नं. २ मा क्रियाशिल स्वास्थ्य आमा समूहले संचालन गरेको कोसेली भेट कार्यक्रममा अंजली थापामगर लगायत ३१ जना सुत्केरीलाई रु.१००० का दरले रु. ३१,०००।- वितरण गरेकोमा संजालका सदस्यले वुझिलिएको तर सम्वन्धित सुत्केरीले वुझेको भरपाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने, अन्यथा असुल गर्नुपर्ने रु. .....</td><td>३१०००/-</td></tr>
<tr><td>५२.३</td><td>विभिन्न योजनामा गरेको खर्चको भुक्तानी गर्दा खर्च अनुसार विल भरपाई पेश गर्नुपर्नेमा सो वमोजिमको विल पेश हुन नआएकोले नपुग रकम असुल हनुपर्ने रु. .
<table>
<tr><th>भौ.नं. र मिति</th><th>योजनाको नाम / वडा</th><th>कार्य सम्पन्न रु.</th><th>भुक्तानी</th><th>विल भरपाई</th><th>नपुग रकम</th></tr>
<tr><td>८-०७५/३/२१</td><td>तल्लो माथिल्लो कुलो नि.यो.(८)</td><td>१२३१८६/५६</td><td>१०००००</td><td>२१५२८</td><td>१०१६५७</td></tr>
<tr><td>१८-०७५/३/२४</td><td>कून्तादेवी तिल्केटार सिंचाई कुलो यो. (८)</td><td>२२६७७०</td><td>२०००००</td><td>१०२४०० </td><td>१२४३७०</td></tr>
<tr><td>२०-</td><td>ककनि खोला भञ्ज्याङ</td><td>५६३८९२</td><td>५०००००</td><td>५३३७६२</td><td>३०१३०</td></tr>
</table>
</td><td>२६२७३२.००</td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>०७५/३/२४</td><td>खा.पा.यो(९)</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१-०७५/१/२७</td><td>क्रियाशिल स्वास्थ्य आमा समूह (२)</td><td></td><td>१५७४२५</td><td>१५३६१५</td><td>३८१०</td></tr>
<tr><td>२०-०७५/३/१९</td><td>क्रियाशिल स्वास्थ्य आमा समूह (२) (व्यस्थापन वापत)</td><td></td><td>१३५०००</td><td>१३२२३५</td><td>२७६५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>२६२७३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२.४</td><td>बढी भुक्तानीः ५ नं. वडा कार्यालय अन्तर्गत फलाटे-बान्द्रेको माथिल्लो भाग चाहाले खानेपानी योजनाको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन अनुसार उक्त योजनामा HDPE Pipe २० mm ६०० र.मि., ३२ mm १०० र.मि. र १६ mm ९०० र.मि. रु. ५५,५४०।-(भ्याट समेत) लागेको उल्लेख छ । तर भौचर सँग संलग्न करुणा अर्डर एण्ड सप्लायर्स, सि.न.पा. ५ को बिल वमोजिम HDPE Pipe ३२ mm १००० र.मि. र १६ mm १५०० र.मि. रु. १,०६,५०२।-(भ्याट समेत) मूल्यमा खरिद गरेको देखिन्छ । योजनामा वास्तविक खपत भएको भन्दा बढी परिमाणको खरिद देखाई बढी रकमको बिल पेश गरी योजना फरफारक गरेको देखिएकोले नापी किताबमा उल्लेखित परिमाण र मूल्य बाहेकको बढी रकम असूल गर्नुपर्ने, रु. ..............................</td><td>५०९६२।-</td></tr>
<tr><td>५२.५</td><td>१७-०७४।१२।२८, सुनकोशी गाउँपालिकामा सञ्चालन भएको प्रथम ऐतिहासिक मुलखर्क कप फुटबल प्रतियोगितामा वडा नं. ५ वाट सहभागी भएवापत खेलाडीको ड्रेस, बल लगायतमा रु. २,५०,०००।-खर्च भएको भनी अध्यक्ष चेत ब. कटुवालले पेश्की फछ्यौट गरेकोमा रु. २,२४,५६२।- बराबरको मात्र बिल भरपाई पेश भएको देखियो । बिल भरपाई भन्दा बढी खर्च लेखेको रकम असूल गर्नुपर्ने, रु. .....</td><td>२५४३८।–</td></tr>
<tr><td>५२.६</td><td>८-०७५।३।२४, च्यानम स्वास्थ्य चोकी प्रमुख हे.अ. श्री सुबोध कु. यादवलाई Chemicals, Re–agents लगायतका औषधिजन्य पदार्थ खरिद वापत रु. ५७,०००।- भुक्तानी गरेकामा खरिदको बिल भरपाई पेश गरेको छैन । औषधि खरिदको बिल भरपाई तथा जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्दछ, अन्याथा उक्त रकम असूल गर्नुपर्ने रु..................</td><td>५७,०००।–</td></tr>
<tr><td>५२.७</td><td>१८२-०७५।३।१४, गाउँपालिका स्तरिय भलिबल खेलका लागि ५ नं. वडा कार्यालयका अध्यक्ष्य श्री गोविन्द राम तामाङलाई रु. ४,००,०००।- भुक्तानी दिएको देखियो । गाउँपरिषदको निर्णय बेगर वडा अध्यक्षको माग वमोजिम खर्चको बिल भरपाईको आधारमा सिधै भुक्तानी दिएको नियमसम्मत देखिएन, रु.</td><td>४०००००।–</td></tr>
<tr><td>५२.८</td><td>१२४-०७५।२।२८, कार्यालय सम्बन्धी तथा विविध खर्च वापत विभिन्न बिलको रु. ६,१३,०१५।- भुक्तानी गरेकोमा रु. ६,०७,१७९।- को मात्र बिल भरपाई पेश गरेकोले बिल भन्दा बढी खर्च लेखेको रु. ५,८३६।- असूल गरी दाखिला गर्नुपर्ने रु. ................</td><td>५८३६।–</td></tr>
<tr><td>५२.९</td><td>१५२-०७५।३।२४, कार्यालय सम्बन्धी रु. ७८,२८५।- खर्च लेखेकोमा रु. ७२,८८५।- को मात्र बिल भरपाई पेश गरेकाले बिल भन्दा बढी खर्च लेखेको रु. ५,४००।- असूल गरी दाखिला गर्नुपर्ने रु. .....</td><td>५४००।–</td></tr>
<tr><td>५३.</td><td>निर्णय बेगरको खर्च : १५१-०७५।३।२४, सुनकोशी गाउँपालिका-५ मा सञ्चालित ३ महिने सिलाई कटाई तालिमको प्रशिक्षक वापत खिनीमाया तामाङ (सहप्रशिक्षक) लाई रु. ३०,०००।- पारिश्रमिक उपलब्ध गराउन भनि वडा अध्यक्ष गोविन्द राम तामाङको सिफारीस वमोजिम खर्च लेखेको देखियो । तर उक्त तालिम कार्यक्रम सञ्चालनको कुनै प्रमाण पेश गरेको छैन । योजनामा उल्लेख नभएको तथा गाउँपरिषदको निर्णय बेगरको कार्यक्रममा वडा अध्यक्षको सिफारीसमा खर्च लेखेको नियमसम्मत देखिएन । तालिम कार्यक्रम सञ्चालनको प्रमाण पेश गरी नियमित गराउनुपर्ने देखिएको, रु. .......</td><td>३०,०००।–</td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ५४. | **गुणस्तर परिक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ५५. | **न्याय सम्पादन :** न्यायीक समितिले उपलब्ध गराएको विवरण अनुसार वैवाहिक सम्वन्धविच्छेदको १ मुद्धा तथा निवेदन परेकोमा फैसला हुन वाँकी देखिन्छ । | |
| ५६. | **सभाको निर्णय कार्यान्वयन** : मिति २०७४।०७।१० मा सम्पन्न गाँउपरीषद्बाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Fallow up Register अभिलेख राखेको नदेखिँदा विश्लेषण गर्न सकिएन । | |
| ५७. | **कन्टिजेन्सी खर्च :** आयोजना संचालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकम मध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी भूक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा संकलन भए अनुसार नै रु.३३,९२,३१२।- खर्च गरेको छ । योजना अनुगमन, कार्यालयको काम, योजना सर्भेक्षण, वैंकिंग कार्य, मर्मत लगायतका कार्यमा उक्त रकम खर्च गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम कन्टिन्जेन्सीको रकम खर्च गर्दा १.५ प्रतिशत पूँजीगत र १.५ प्रतिशत चालु प्रकृतिको खर्च लेख्नुपर्नेमा सो प्रक्रिया अवलम्वन गरेको देखिएन । यसरी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गरिनुपर्दछ । | |
| ५८. | **सेवा सुविधा :** १ नं. प्रदेश सरकारले मिति २०७४।०२।१३ मा प्रमाणिकरण गरेको गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्थ गर्न बनेको ऐन, २०७४ को दफा ३ को उपदफा १ र दफा ८ को उपदफा १ संग सम्वन्धित अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, सदस्यहरुको सुविधा सम्वन्धि खर्च विवरण अनुसार यस वर्ष गाउँपालिकाले रु.३५,९४,०००/- भुक्तानी गरेको छ । सो वाहेक गाउँसभाको मिति २०७४।०७।१० को निर्णयानुसार थप सुविधा वैठक भत्ता, खाजा, अनुगमन र यातायात खर्च वापत रु.१८,३४,२५०/- खर्च भूक्तानी गरेको छ । सेवा, सुविधा र अनुगमन खर्च मासिक रु. १,०००/- देखि रु.६,०००/- सम्म विभिन्न दरमा पदाधिकारीलाई तोकि एकमुष्ठ सुविधा ऐनले निर्धारण गरेकोमा उक्त सुविधा रु.३५,९४,०००/- वाहेक जनप्रतिनिधीहरुले कन्टिन्जेन्सी र चालु खातावाट थप रु. १८,३४,२५०/-वैठक भत्ता र यातायात खर्च लिएकोमा सुविधा ऐनले तोके भन्दा वढी खर्च लेखेको रकम अनियमिति देखिएको,रु | १८३४२५०।– |
| ५९. | **भ्रमण तथा यातायात सुविधा :** भ्रमण खर्च रकम सकेसम्म न्यून गरी भ्रमण खर्च नियमावली, २०६४ वमोजिम सोमा मितव्ययीता अपनाउनूपर्ने व्यवस्था छ । यस वर्ष गाँउपालिका अध्यक्ष, उपाध्यक्ष तथा सदस्य र वडा अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुले योजना अनुगमन, तालिम, गोष्ठी आदिमा दैनिक भ्रमण तथा अनुगमन भत्ता खर्च रु. १४,४०,३३२/- तथा विभिन्न समयमा गाडी भाडा वापत रु. ३,५०,९००।- समेत कुल रु. १७,९१,२३५।- सुविधा लिएको देखिन्छ । गाँउपालीका तथा अन्तर्गतका वडाहरुमा कर्मचारी तथा पदाधिकारीहरु कामको सिलसिलामा जादाँ समेत Contingency तथा अनुगमन मूल्याङ्कन शिर्षक वाट दैनिक भ्रमण तथा अनुगमन भत्ता र गाडी भाडामा खर्च लेखेको देखिन्छ । सेवा सुविधा, अनुगमन, यातायात, सञ्चार खर्च लगायतमा मासिक रु. १०००/- देखि रु.६०००/- सम्म विभिन्न दरमा पदाधिकारीलाई तोकि एकमुष्ठ सुविधा ऐनले निर्धारण गरेकोमा उक्त सुविधा वाहेक जनप्रतिनिधीहरुले दैनिक भ्रमण तथा अनुगमन भत्ता र गाडी भाडा वापत रु. १७,९१,२३५।- भुक्तानी गरेको नियमसम्मत देखिएन । दैनिक भ्रमण तथा अनुगमन भत्ता खर्चको आधिकारीक मापदण्ड स्थान, कार्यप्रकृती लगायका विषयलाई आधार वनाई खर्च गर्ने मापदण्ड तयार गर्नुपर्ने देखिन्छ । मापदण्ड नवनाउँदा अत्याधिक रुपमा चालु | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | खर्चले प्रश्रय पाउने देखिँदा यस तर्फ तत्काल सुधार गरी भ्रमण अभिलेख र सोको मापदण्ड तयार गरिनु आवश्यक छ, रु. ........................................................ | १७९१२३५।– |
| ६०. | **शीक्षक तलब भत्ता :** गाउँपालिकाले यस वर्ष गाउँपरीषद्‌वाट स्वीकृत गरी गाउँपालिका अन्तर्गतका २३ वटा विद्यालयलाई शीक्षक तलब भत्ता अनुदान वापत सम्बन्धित विद्यालयको खातामा रु. ३६,२२,०००।- निकासा गरेको देखियो । यस सम्बन्धमा विद्यालयमा कार्यरत निजी स्रोतका शीक्षकको तलब भत्ताको रकम उपलब्ध गराएको गाउँपालिकाको भनाई रहेको छ । विद्यालयले उपलब्ध गराएको तलबी माग फारम र निवेदनको आधारमा शीक्षकको तलब विद्यालयको खातामा पठाएको देखिन्छ । तर गाउँपालिका अन्तर्गतकका विद्यालयमा कति संख्यामा निजी स्रोतका शीक्षक कार्यरत छन् सोको अद्यावधिक विवरण गाउँपालिका सँग रहेको देखिएन । गाउँपालिकाले विद्यालयमा कार्यरत शीक्षकको विवरण अद्यावधिक गरी सम्बन्धित शीक्षकलाई व्यक्तीगत बैङ्कखाता मार्फत तलब भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्दछ । | |
| ६१. | **गरिवसंग विशेश्वर कार्यक्रम :** रत्नमाला विउपूँजी समुह वाखापालन वडा नं. ८ को ४ समूहलाई प्रति समूह रु.२०,०००।०० ले रु. ८०,०००।०० र हरियाली शक्तिशाली समूह वडा नं. ७ का ५ मिहमा रु. १ लाख समेत रु. १ लाख ८० हजार उपलब्ध गराएकोमा कार्यक्रमको प्रतिफल तथा उपलब्धी को अनुगमन गर्नुपर्ने देखिन्छ । सामाजिक परिचालकको तलब रु. १,६९,०००।०० र अन्य कार्यक्रम खर्च रु. ८० हजार समेत रु ४,२९,०००।०० वजेट व्यवस्था भएकोमा सोही अनुसार निकासा तथा खर्च भएको छ । विउपूँजीको रकम समूहले प्राप्त गरेकोमा उक्त २ समूहलाई खाता खोल्न खर्च लेखेको रु. ६,०००।०० समूहवाट फिर्ता प्राप्त गरी वेरुजू खातामा दाखिला गर्नुपर्ने रु. .. | ६०००/- |
| ६२. | **LGCDP पूँजीगत तथा चालू (स्थानिय स्वायत्त शासन) :** चालुतर्फ सामाजिक परिचालक ५ र कम्प्युटर अप्रेटरको तलव तथा संचारमा रु. ५,४३,०००।०० निकासा भएकोमा सोहि अनुसार खर्च भएको छ । कार्यालयमा संचार उपकरण, ई-हाजिरी, डेस्कटफ, ल्यापटप, आदि खरिद वापत रु.६,००,०००।०० भुक्तानी गरेकोमा खरिद भएको संचार तथा कम्प्यूटर उपकरणहरु जडान गरी प्रयोगमा ल्याईनू पर्दछ । | |
| ६३. | **पुरानो योजना तर्फ :** पुरानो याजना तर्फ अधेरी खोला डिपसिंह मोटरवाटो निर्माण वापत रु.३,००,०००।०० खर्च खेखेकोमा ४८००।५० घ.मी. माटो खन्ने कार्यमा एक्जाभेटर प्रयोग गरी प्रति घ.मी. ७०।०० ले रु.३,३६,०३५।०० खर्च नाप मध्ये रु.३,००,०००।०० लागत भुक्तानी भएकोमा सोको मेशिन विल संलग्न नगरेकोले बिल पेश गरी नियमित गर्नुपर्ने, रु. ............... | ३०००००/- |
| ६४. | **बढी खर्च :** सामूदायिक स्वास्थ्य इकाई आरुभञ्ज्याङ्गको अतिरिक्त महिला सचेतना आमा समुह संजाल कार्यक्रममा ६ जना म.स्वा.से. लाई सम्मानित गरी प्रति म.स्वा.से. रु. ६०००।०० दरले खर्च लेखेकोमा दोसल्ला खरिद वापत प्रति दोसल्ला रु. ५००।०० ले रु.३०००।०० मात्र खर्च लेख्नुपर्नेमा १८ दोसल्ला खरिद गरी वढी खर्च लेखेको रु.६,०००।०० असुल गर्नुपर्ने रु. .... | ६०००/- |
| ६५. | **गैरसरकारी संस्था हेल्भेटास तर्फः**<br>**क**) यो वर्ष नश्ल सुधारको लागि रु.२ लाखमा १३ वोका समूह सदस्यमा वितरण गरेकोमा वोकाको ट्यागिङ नगरेको, र वोका खरिदको अग्रिमकर रु.३०००।०० कट्टी नगरेकोले असूल गर्नुपर्ने रु. ................. | ३०००/- |
| ६५.१ | **ख**) गोठे मल सुधारको लागि प्रति व्यक्ति रु.५,०००।०० ले १० जनालाई रु. ५०,०००।- दिएकोमा सुधार भएको मलखातको निर्माण फोटो संलग्न गरेको देखिएन । सोको प्रमाण पेश गर्नुपर्ने, रु... | ५००००/- |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>६६.</td><td>रेडियो पत्रपत्रिका अन्य विभिन्न मार्फत कृषि सामग्रीको उत्पादन तथा प्रचार प्रसार गर्ने कार्यक्रममा रु. १ लाख वजेट विनियोजन गरेकोमा भिजन एफ.एम.९०.५ MH लाई रु.१६,०००।०० भुक्तानी गरेको देखिएकोमा खर्च रु.१ लाख नै लेखेकोले रु.८४,०००।०० को खर्चको प्रमाण पेश गर्ने, अन्यथा असुल गर्नुपर्ने रु. ................................................</td><td>८४०००/-</td></tr>
<tr><td>६७.</td><td>प्रगतिशिल सामूदायिक कृषि सहकारी संस्था लि. र गा.पा. वीच भएको सम्भौता अनुसार गाउँपालिकाको अनुदान रु.९,५०,०००।०० र सहकारीको योगदान रु. १ लाख समेत रु. १०,५०,०००।०० भएकोमा सहकारीको मिति २०७५।२।२७ को निर्णयानुसार कूल खर्च रु.९,६४,४०१।०० मात्र भएको उल्लेख गरेको छ । कुल सम्भैता अनुसार योगदान जुटेको देखिएन । गा.पा.वाट सम्भौता अनुसार कार्यसम्पन्न रकम रु. ९,६४,४०१।-मात्र भएकोले सोही अनुपातमा गा.पा.वाट रु. ८,७२,५५३।- मात्र भुक्तानी गर्नुपर्नेमा आनुपातीक कट्टी नगरी बढी भुक्तानी गरेको रु. ७७,४४६।- असूल गरी दाखिला गर्नुपर्ने, रु. ....</td><td>७७४४६/-</td></tr>
<tr><td>६८.</td><td>मौरीघार खरिद तथा धानको विउ खरिद वापत रु.३,४०,०००।०० खर्च लेखेकोमा भौचर वमोजिम कट्टी गरेको अग्रिम कर रु.९,३५०।०० दाखिला गरेको नदेखिदाँ दाखिला गरेको भौचर पेश गर्नुपर्ने रु. ................</td><td>९३५०/-</td></tr>
<tr><td>६९.</td><td>कृषि फलफूल वागवानी फर्म सँग आप, लिच्ची, अनारको विरुवा खरिद विल रु.४,४६,२००।०० को १.५ प्रतिशत अग्रिमकर रु.६,६९३।०० मा रु.४,८३०।०० कट्टी गरेकोले नपुग रु.१८६३।०० असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>१८६३/-</td></tr>
<tr><td>७०.</td><td>हलेशी दर्शन कृषि सहकारी संस्थालाई कृषि मोडेल फर्म वापत रु.६६,०००।०० भूक्तानी भएकोमा सोको खर्च वैंक नगदी कितावमा रु.२,००,०००।०० posting भई कूल दिनुपर्ने खर्च जनाएकोमा भौचर र वैंक नगदी posting विच रु. १,३४,०००।०० फरक परेको देखिन्छ । उक्त रकमको वैंकको चेक नसाटीईएको कारण वैंकमा वढी मौज्दात देखिनुपर्नेमा नदेखिएकोवाट सोको हिसाव मिलान गर्नुपर्ने रु. ........</td><td>१३४०००/-</td></tr>
<tr><td>७१.</td><td>सुप्रिम प्लाष्टिक कन्सर्नवाट सिल्पोलिन १२० GSM १२ x ६ mm को सामान खरिद वापत रु.३,९०,०००।०० भुक्तानी भएकोमा सोको अग्रिम कर रु.५,१७७।०० खम्वन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने रु. ........................</td><td>५१७७/-</td></tr>
<tr><td>७२.</td><td>शिक्षा तर्फ : ICT पूर्वाधार वापत हरियाली सामूदायिक सिकाई केन्द्र डाँडाखर्क, मूलखर्कलाई कम्प्यूटर तथा संचार उपकरण खरिद तथा जडान वापत रु.२,००,०००।- पेश्की वापत अनुदान दिएकोमा सोको विल भरपाई पेश नभई आर्थिक वर्षको अन्त सम्म फछ्र्यौट हून वाँकी देखिएको रु.</td><td>२०००००/-</td></tr>
<tr><td>७२.१</td><td>गा.पा. भित्र रहेको कूल ३९ विद्यालय मध्ये निम्न विद्यालयमा शिक्षक विद्यार्थी अनुपात निम्न अनुसार देखिन्छ :
<table>
<tr><th>सि.नं.</th><th>विद्यालय</th><th>शिक्षक</th><th>विद्यार्थी</th><th>भएको अनुपात</th><th>अनुपात हुनुपर्ने</th></tr>
<tr><td>१</td><td>सोरङ्गना प्रा.वि.</td><td>३</td><td>३१</td><td>३:३१</td><td>३:१३५</td></tr>
<tr><td>२</td><td>गंगा प्रा.वि. ढाँडखोला</td><td>२</td><td>११</td><td>२:११</td><td>२:९०</td></tr>
<tr><td>३</td><td>चम्पादेवी प्रा.वि. र्‍याले</td><td>२</td><td>९</td><td>२:९</td><td>२:९०</td></tr>
<tr><td>४</td><td>जनचेतना जेरुङघाट</td><td>१</td><td>१५</td><td>१:१५</td><td>१:४५</td></tr>
<tr><td>५</td><td>श्रृजना कटुन्जे</td><td>१</td><td>८</td><td>१:८</td><td>१:४५</td></tr>
<tr><td>६</td><td>सुमित्रा सुर्केनागी</td><td>२</td><td>१४</td><td>२:१४</td><td>२:९०</td></tr>
</table></td><td></td></tr>
<tr><td>७२.२</td><td>निम्न विद्यालयमा वढी गएको निकासा फिर्ता लिई वेरुजू खातामा दाखिला गर्नुपर्ने रु. ............
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>वढी निकासा</th><th>कैफियत</th></tr>
</table></td><td>२४५००/-</td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सुनकोशी मा.वि. वल्खु | २०००/- | भत्ता |
| २ | कालीका मा.वि. सिस्नेरी | १५०००/- | पोशाक |
| ३ | प्रवुद्ध च्यानम | ७५००/- | पोशाक |
| | **जम्मा** | **२४५००/-** | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ७३. | **साना सिंचाई कार्यक्रम ३६५८४४ पूँजीगत तर्फ :** यस वर्ष साना नँया, सिंचाई योजना संचालन गर्न स्वीस सोझै भूक्तानी रु.१,६०,६८,०००।००र नेपाल सरकार तर्फ रु. १,३३,३२,०००।०० समेत रु.१,९४,००,०००।०० वजेट व्यवस्था भएकोमा यो वर्ष नेपाल सरकारको श्रोतवाट रु.३४,२६,१३९।०० र प्रत्यक्ष भूक्तानी तर्फ रु.३४,००,०००।०० ड्राफ्टवाट निकासा आय प्राप्त गरेकोमा सोझै भूक्तानी स्वीस तर्फको रकम खर्च नभई वाँकी देखिन्छ । नेपाल सरकारको श्रोतवाट यो वर्ष ६ वटा सिंचाई योजनाको लागि कार्यक्रम संचालन गर्न सम्वन्धित उपभोक्ता समितिलाई रु. ३४,२६,१३९।०० सम्झौता अनुरुप प्रथम किस्ता वापत पेश्की उपलब्ध गराएकोमा आर्थिक वर्षको अन्त सम्ममा पनि फछ्र्यौट भएको देखिएन । अतः वाँकी पेश्की रकम सम्झौताको शर्त, उपभोक्ता योगदान एवं आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(५) अनुसार सम्झौताको शर्त तथा विल भर्पाइ वमोजिम असूल फछ्र्यौट गर्नुपर्ने रु. ........................ | ३४२६१३९/- |

| सि.नं. | योजना /उपभोक्ता समिति | पेश्की वाँकी रकम |
|---|---|---|
| १ | मोहनटार कूलो सिंचाई / उ.स. | ३०००००.०० |
| २ | ढाँडखोला सिंचाई योजना / उ.स. | ९३६६४३.०० |
| ३ | तित्रीवोटे कूलो सिंचाई / उ.स. | ६८९४९६.०० |
| ४ | तिल्केचौर कूलो सिंचाई / उ.स. | ९०००००.०० |
| ५ | सिस्नेरी खोला भुमिडाडा कूलो सिंचाई / उ.स. | ६०००००.०० |
| | **जम्मा** | **३४,२६,१३९/-** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ७४. | **स्वास्थ्य तर्फ :** महिला स्वास्थ्य स्वयम सेविका अर्धवार्षिक गोष्ठि वापत २०७५।३।२४ मा रु.१,३९,०००।०० पे.फ. गर्दा कट्टी गरेको अग्रिम कर रु.२,१७५।०० दाखिला गरेको प्रमाण पेश नभएको रु. . | २१२५/- |
| ७४. १ | २-०७५/३/२४, डम्वर लाल यादवले रु.७४,०००।०० पे.फ. गर्दा पानी विजूलीको रु.१२,०००।०० को खर्च गरेको विल भरपाई पेश नभएकाले सोको विल पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १२०००/- |
| ७५. | **महिला विकास कार्यक्रम :** यस कार्यक्रममा पालीकावाट रु. १६,७१,७६०।०० वजेट वाडफाँड गरेकोमा रु.४,५२,०००।०० खर्च भएवाट अनुमानित वजेट व्यवस्थामा २७ प्रतिशत मात्र खर्च गरी महिला विकास कार्यक्रम ७३ प्रतिशतको कार्यक्रम संचालन भएको देखिएन । विभिन्न भौचरवाट रु.४,५२,०००।०० को तालिम अनुशिक्षण कार्यक्रम अर्न्तगत कूल तिनुपर्ने अग्रिम कर रु. २२,३४८।०० मा रु.१४,४७९।०० दाखिला भएको देखिँदा नपुग कर रु.७,८७०।०० असुल गरी सम्वन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने रु. | ७८७१/- |
| ७६. | **वेरितको कर विजक :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ती वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा कर अभिवृद्धिले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसुची ५(क) वमोजिमको ढांचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले निम्नानुसारको भुक्तानीमा वेरितको विजकवाट भुक्तानी गरेको मू.अ.कर सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ, रु. .. | १००४२७५/- |

| कार्यक्रमको नाम | भौ.नं. र मिति | भुक्तानी पाउने | विल रकम | मु.अ.कर | कैफियत |
|---|---|---|---|---|---|
| पुँजीगत वडा ८ | १३- | ओखलढुंगा तामाङ | २९४९३०/- | ३८३४१ | विजक नं. २ |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | ०७५/३/२४ | कन्स्ट्रक्सन | | | हातले लेखेको |
| पुँजीगत वडा ८ | १४-०७५/३/२४ | प्रशान्त एण्ड प्रज्वल हार्डवेयर सप्लायर्स | ९०४००/- | ११७५२ | विजक नं. ६९६ हातले लेखेको |
| पुँजीगत वडा २ | ९-०७५/२/३० | कैसिका कन्स्ट्रक्सन (६०६८७७४७५) ०१२।२०७५।२।१५ | ४१३७३८/- | ५३७३२/- | जेठ पछि non filler देखिएको |
| कटुवा भेडिखोर सडक | १०-०७५/३/३ | कैसिका कन्स्ट्रक्सन (६०६८७७४७५) ०१२।२०७५।२।१५ | ५७३५९५ | ७४५३५/- | विल नं.००७ ।०७५।२।१० जेठ पछि non filler देखिएको |
| नागपानीटार आरुभमञ्ज्य सडक | ११-०७५/३/१ | कैसिका कन्स्ट्रक्सन (६०६८७७४७५) ०१२।२०७५।२।१५ | ४१३७३८ | ५३७६२ | विल नं.०१४ ।०७५।२।१० जेठ पछि non filler देखिएको |
| वडा ४ मोलुङ दोभान डाडा जेरुङ मोटरवाटो मर्मत | १-०७५/१/२४ | पोखरा कास्की ट्रेडर्स (६००८२८२८२) | १३७३६२१ | १७८४९२/ | विल नं. १५ ।०७५।१।२४ non filler देखिएको |
| थानी भिर गाँउ सडक | १-०७५/१/२४ | पोखरा कास्की ट्रेडर्स (६००८२८२८२) | ३२२९९८ | ४३२७२/- | विल नं. ।३१५ ।०७५।१।२४ non filler देखिएका |
| थुम्ले घाट सापकोटा टोल सडक नि.यो. | २-०७५।३।३ | पोखरा कास्की ट्रेडर्स, चाबहील (६००८२८२८२) | ९१५०९० | ११८९१० | वि.नं. २४-०७५।३।३ |
| च्यार्खु मोलुङ दोभान सडक निर्माण यो. | ७-०७५।३।१२ | पोखरा कास्की ट्रेडर्स, चाबहील (६००८२८२८२) | ८३१९०० | १०८१०० | वि.नं. २८-०७५।३।७ |
| थुम्ले घाट सिस्नेरी मोटरबाटो मर्मत | ११-०७५।३।१३ | पोखरा कास्की ट्रेडर्स, चाबहील (६००८२८२८२) | ११६४६६० | १५१३४० | वि.नं. २५-०७५।३।४ |
| देउराली ककनी मन्दिर सडक निर्माण | ४-०७५।३।५ | कौशिका कन्स्ट्रक्सन, काठमाण्डौ. (६०६८७७४७५) | २४८२४३ | ३२२५७ | वि.नं.०११-०७५।२।१२ |
| स्वास्थ्य चौकी ग्राउण्ड निर्माण | १-०७५।२।३० | कौशिका कन्स्ट्रक्सन, काठमाण्डौ. (६०६८७७४७५) | ३३०९९० | ४३०१० | वि.नं.०१०-०७५।२।१२ |
| सोरङ्गना रमिते सडक निर्माण योजना | ८-०७५।३।१३ | कौशिका कन्स्ट्रक्सन, काठमाण्डौ. (६०६८७७४७५) | ४१३७३८ | ५३७६२ | वि.नं. ०१५-०७५।३।२ |
| सिमलचौर थुम्की सडक निर्माण योजना | १०-०७५।३।१३ | कौशिका कन्स्ट्रक्सन, काठमाण्डौ. (६०६८७७४७५) | ३३०९९० | ४३०१० | वि.नं. ००४-०७५।२।९ |
| | | **जम्मा** | | **१००४२७५** | |

| | | |
|---|---|---|
| ७७. | **असम्बन्धित खर्च :** १५-०७५/३/१९, पुरनटार-आरुभञ्ज्याङ-दिसिङ सडक निर्माण कार्य वापत एक्साभेटरवाट कार्य गराई मु.अ.कर रु.६०,७७५।०० समेत रु. ५,००,०००।०० भुक्तानी भएकोमा भुक्तानीको लागि रु.६०,७७५।०० समावेश भएको कुनै विल पेश हुन नआएकोले विल पेश गर्ने अन्यथा उक्त रकम असुल गरि दाखिला गर्नुपर्ने रु. ... | ६०७५५/- |
| ७८. | २३-०७५/३/२४, आ.व. २०७४।७५ मा सुनकोशी क्षेत्रमा ढुङ्गा, गिट्टी, वालुवा तथा ग्रावेल उठाउन ज्ञानेन्द्र सापकोटाले जि.स.स. सँग ठेक्का संझौता गरी ठेक्का वापत रु.४६,८००।०० रकम वुझाएको रसिद पेश भएको छ । वडा नं.१ वाट ठेक्का अनुसारको कार्य गर्न रोक लगाए पश्चात मिति २०७४।१०।३ मा रु.६५,०००।०० फिर्ता दिने निर्णय गरे अनुसार १ नं. | |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>वडा कार्यालयवाट निजलाई रु.६५,०००।०० फिर्ता खर्च लेखेको देखिन्छ । त्यसैगरी वडा नं. २ को भौ.नं. २३ मिति २०७५।३।२४ वाट समेत सोही शीर्षकमा निजलाई पुन: ६५,०००।०० फिर्ता खर्च लेखेको छ । जि.स.स.मा गरेको ठेक्का सम्झौता अनुसार रु.४६,८००।०० वुझाएको रसिद पेश गरेको अवस्थामा १ र २ नं. वडा वाट कुल रु.१,३०,०००।०० रकम फिर्ता खर्च लेखेको पुष्ट्याई पेश हुन सकेन । यसर्थ, निजले ठेक्का सम्झौता वापत वुझाएको रकम रु.४६,८००।०० भन्दा रु. ८३,२००।- वढी भुक्तानी गरेकाले सो पुष्टी हुने आधिकारीक प्रमाण पेश गर्नुपर्दछ, अन्याथा बढी भुक्तानी भएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु. .</td><td>८३२००/-</td></tr>
<tr><td>७९.</td><td>कार्य सम्पन्न प्रतिवेदन : निर्माण कार्य सम्पन्न भएपछि कार्य सम्पन्न प्रतिवेदनमा उपभोक्ता समितिको अध्यक्ष, प्राविधिक कर्मचारी र प्रमुख प्रशासकीय अधिकृत समेतले प्रमाणित गर्नुपर्नेमा उपभोक्ता समितिको अध्यक्षवाट प्रमाणित गरेको पाईएन । निर्माण सम्पन्न कार्यको प्रमाणमा उपभोक्ता समितिको अध्यक्षवाट समेत हस्ताक्षर गरी प्रमाणीत हुनुपर्दछ । यसरी प्रमाणित नभएका केही उदाहरण निम्नानुसार रहेका छन् :
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>वडा नं.</th><th>योजना</th><th>कार्यसम्पन्न रकम</th></tr>
<tr><td>१</td><td>२-०७५/२/३</td><td>२</td><td>माटे भदौरे टाकी देउराली रचने सडक</td><td>११३५६६२/-</td></tr>
<tr><td>२</td><td>१०-०७५/३/३</td><td>२</td><td>कटुवा भेडिखोर सडक</td><td>७०००००/-</td></tr>
<tr><td>३</td><td>२५-०७५/३/१९</td><td>२</td><td>माटे खानी गाँउ सडक</td><td>१६४१८७०/-</td></tr>
<tr><td>४</td><td>१-०७५/१/२४</td><td>४</td><td>मोलुङ दोभान डाडा जेरुगं मोटरवाटो मर्मत</td><td>१८५०७००/-</td></tr>
<tr><td>५</td><td>६-०७५/३/६</td><td>६</td><td>मुलखर्क नेप्टे भञ्ज्यांग दामती मोटरवाटो</td><td>२८५९७९९/-</td></tr>
<tr><td>६</td><td>११-०७५/३/१३</td><td></td><td>थुम्लेघाट सिस्नेरी सडक मर्मत योजना</td><td>१६०१६६६/-</td></tr>
<tr><td>७</td><td>१४-०७५/३/१२</td><td></td><td>सिस्नेरी मुलखर्क मो.बा. निर्माण योजना</td><td>३३११३६५/-</td></tr>
<tr><td>८</td><td>७-०७५/३/१२</td><td></td><td>च्यार्खु मोलुङदोभान सडक निमार्ण यो.</td><td>१२२९६८८/-</td></tr>
<tr><td>९</td><td>८-०७५/३/१४</td><td></td><td>कमलपोखरी भिरडाँडा पैथाबोट सडक नि. यो.</td><td>८१२४१५/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>८०.</td><td>वडा नं. २ : २४-०७५/३/२२, कृषकलाई तालिम तथा विउँ सहयोग अन्तर्गत कृषि तालिम तथा विउँ खरिद योजनाको अनुगमन समितिले कविता फलफूल नर्सरी फुलकाहा, सिरहावाट ५३५ गोटा ३ वर्षे लिच्चीको विरुवा खरिद गरी रु.१४० ले हुने रु.७४,९००।०० खर्च लेखेको छ । उक्त विरुवा मध्ये ३५६ वटा विरुवा १८ जनालाई वितरण गरेको देखिदा वितरण नभएको विरुवा १७९ को हुने रु.२५,०६०।०० असूल गरी दाखिला हुनुपर्ने, रु. ……</td><td>२५०६०/-</td></tr>
<tr><td>८१.</td><td>वडा नं. ४ : ४-०७५/१/२६, वडा कार्यालयले १ थान पल्सर मोटरसाइकल रु.२,९१,९००।०० मा खरिद गरी आर.एस.अटो मोवाईल सेन्टर, उदयपुरलाई भुक्तानी गरेको पाईयो । उक्त मोटरसाइकल कार्यालयको जिन्सी खातामा दाखिला नभएको, यातायात कार्यालयवाट पालीकाको नाममा दर्ता भएको नपाइएको र सम्वन्धित पार्टीलाई रकम वुझाएको नपाइएकोले उपर्युक्त प्रमाण पेश गर्नुपर्ने रु. ……….</td><td>२९१९००/-</td></tr>
<tr><td>८२.</td><td>८-०७५/३/४, ४ नं. वडा कार्यालयलाई विविध तथा भैपरी योजनावाट रु.२,००,०००।०० खर्च लेखि वडा सचिव विर वहादुर क्षेत्रीको नाममा भुक्तानी भएको देखिन्छ । उक्त रकमवाट विपन्न, महिला, वृद्ध र पिछडिएको समुदायलाई वितरण गर्न भनि ८० थान मण्डी प्रति थान रु.६५० का दरले रु. ५२,००० र ८० थान त्रिपाल प्रति थान रु.११०० का दरले रु.८८,०००।-, त्रिपाल ताथ मण्डि ढुवानी वापत रु. १०,०००।०० र १०० थान तारजाली रुम्जाटारवाट ढुवानी गर्न रु.५०० का दरले रु. ५०००० समेत रु.२,००,०००।०० खर्च लेखेकोमा निम्न व्यहोरा</td><td></td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | देखिएका छन्: | |
| ८२.१ | १०० थान तारजाली ढुवानी वापत रु.५०,०००।- खर्च लेखेकोमा उक्त तारजाली वडा कार्यालयको जिन्सी खातामा आम्दनी वाधेको प्रमाण पेश गर्नुपर्ने, रु. .. | ५०००० |
| ८२.२ | तारजाली, मण्डी र त्रिपाल ढुवानी वापत खर्च लेखेकोमा ढुवानी भाडामा ढुवानी कर कट्टा नगरेकोले रु.६,०००।- असुल गरी दाखिला गर्नुपर्ने, रु. .................... | ६०००/- |
| ८२.३ | मण्डि तथा त्रिपाल खरिद वापत मु.अ.कर समेत रु. १,४०,०००।०० भुक्तानी खर्च लेखेकोमा भुक्तानीमा अग्रिम कर कट्टि नगरेकोले रु.१,८२७।०० असुल गरी दाखिला गर्नुपर्ने, रु. | १८२७/- |
| ८२.४ | वितरण गर्न भनी ८०/८० थान त्रिपाल र मण्डी मध्ये ५६ थान त्रिपाल र ४६ थान मण्डी मात्र वितरण भएको देखिंदा वितरण नभएको मण्डी थान ३४ को प्रति थान ६५० ले रु.२२,१००।- र त्रिपाल थान २४ को प्रति थान रु.११०० ले रु.२६,४००।- समेत रु.४८,५००।- फिर्ता दाखिला हुनुपर्ने रु. .. | ४८५००/- |
| ८३. | **वडा नं. ४ :** १५-०७५/३/२१, हरियाली स्वास्थ्य आमा समूह संजालले सुनकोशी गापा ४ मा महिला आमा समूह, महिला स्वयम सेविका लक्षित कार्यक्रम मिति २०७५।२।२२ सम्म ३ दिन संचालन गरी सहभागी ४२ जना महिलाहरुलाई खाना वापत प्रति दिन २५० का दरले ३ दिनको रु.३१,५००।- मात्र खर्च लेख्नुपर्नेमा रु.४२,०००।- खर्च लेखेकोमा वढी खर्च लेखेको रकम असुल फिर्ता हुनुपर्ने रु. ...... | १०५००/- |
| ८४. | १६-०७५/३/१९, सुनकोशी गापा वडा ४ मा वडा कार्यालय व्यवस्थापन गर्नका लागि रु.१,२५,०००।- भुक्तानी भएकोमा निम्न व्यहोरा देखिएको छ : | |
| ८४.१ | पलाष्टिक कुर्सी ४० थान सहित १० प्रकारका सामग्री रिद्धसिद्धि हार्डवयर कटारी, सिरहावाट खरिद गरी रु.४९,१९५।- खर्च लेखेकोमा खरिद गरेका सामान जिन्सी खातामा आम्दानी वाधेको प्रमाण पेश गर्नुपर्ने, रु. .. | ४९१९५/- |
| ८४.२ | खरिद गरेको सामान सिरहा देखि गापाको वडा कार्यालय सम्म ढुवानी वापत रु.२५,०००।- खर्च लेखेकोमा भुक्तानीमा वहाल कर कट्टी नगरेको रु. २५००।- असुल गरी दाखिला गर्नुपर्ने, रु. .... | २५००/- |
| ८४.३ | पलास्टिक कुर्सी ४० थान, पलाष्टिक ८x४' ६ वटा, ६x४' २ वटा, ताल्चा ३ वटा, डेन्टल ३ वटा, छेस्किनी १२ वटा, कब्जा २० थान, काटी २ केजी, प्लेन पाता ३ पिस समेत रु.४९,१९५।०० मा खरिद गरी सिरहावाट ढुवानी गरी ल्याउँदा २५,०००।- ढुवानी भाडा खर्च लेखेको छ । उक्त सामग्रीहरु स्थानिय वजारमा सहजै उपलब्ध हुन सक्ने स्थितिमा बाहिरबाट खरिद गरी ढुवानी भाडामा थप व्ययभार पारेको देखिएकोले ढुवानी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको, रु. ..... | २५०००/- |
| ८५. | ४-०७५/३/६, वडा नं. ६ मुलखर्क नेप्टे भञ्ज्याङ्ग थापागाउँ पारादोभान मोटरवाटो निर्माण कार्यका लागि रु.३४,७२,२०४।- को लगत इष्टिमेट तयार गरी उपभोक्ता समितिसँग २०७४।१०।२९ मा सम्झौता भएको पाइयो । सम्झौता अनुसार कार्यालयको तर्फवात रु. ३०,००,०००।- र उपभोक्ता समितिको तर्फवाट रु.४,७२,२०४।- व्यहोर्ने गरी सम्झौता भई सवै निर्माण कार्य इक्साभेटरवाट गराएको पाइयो । इक्साभेटर प्रयोग गरे वापत व्रिटिस कन्सट्रक्सन क.प्रा.लि.को विल अनुसार मु.अ.कर रु.३,७२,४५०।- समेत रु.२८,६५,०००।- को विल पेश गरेको पाइयो । विल अनुसार रु.३,७२,४५०।- को मात्र मु.अ. कर रकम खर्च लेख्नुपर्नेमा उपभोक्ताको विल तथा कार्य सम्पन्न प्रतिवेदनमा रु.३,८४,३३८।०० मु.अ.कर समावेश गरी वढी खर्च लेखेको छ । वास्तविक मु.अ.करवापतको रकम रु.३,७२,४५०।- मात्र समावेश गरी भुक्तानी गर्नुपर्नेमा रु.३,८४,३३८।- समावेश गरी भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम फिर्ता दाखिला हुनुपर्ने रु. ........... | ११८८८/- |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>८६.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालयले खरिद गरी प्राप्त हुन आएको मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी कितावमा ७ दिन भित्र आम्दानी वाधी श्रेस्ता खडागरी आम्दानी वाँधी श्रेस्ता खडागरी राख्नुपर्ने व्यवस्था छ । तर निम्नानुसार खरिद गरीएका जिन्सी सामान आम्दानी वाधेको नपाईएकोले जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.........
<table>
<tr><th>भौ.नं. र मिति</th><th>वार्ड नं.</th><th>संस्था</th><th>खरिद गरेको सामान</th><th>परिमाण</th><th>मुल्य</th></tr>
<tr><td rowspan="3">७-०७५/३/१२</td><td rowspan="3">६</td><td rowspan="3">शिवशक्ति युवा क्लव</td><td>दराज</td><td>२</td><td rowspan="3">१०००००</td></tr>
<tr><td>टेवल</td><td>६</td></tr>
<tr><td>वेन्च</td><td>१०</td></tr>
</table></td><td>१०००००/-</td></tr>
<tr><td>८७.</td><td>२२/०७५/३/२४, वडा नं. ८ : कार्यालय विविधमा दराज, पाइप, औषधी ढुवानी, भ्रमण तथा औषधी वापत रु.५,००,०००।०० भुक्तानी भएकोमा रु.४,६६,३८३।- को मात्र विल पेश हुन आएकोले अपुग रु. ३३,६१७/- प्रमाण पेश गर्ने, अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु. ..................</td><td>३३६१७/-</td></tr>
<tr><td>८८.</td><td>वडा नं. ९ : कोषहाट बजार व्यवस्थापनको लागि Detail Project Report तयार गर्न Maze Solution लाई फिनान्सियल प्रपोजलको आधारमा रु.३,४८,०००।०० मु.अ.कर समेत भुक्तानी गरेकोमा डिपिआर रिपोर्ट पेश भएको देखिएन । मिति २०७५।२।१५ वाट ६ हप्ता भित्र रिपोर्ट पेश गर्ने सम्झौता अनुरुप रिपोर्ट पेश भएको दाखिला प्रमाण पेश नभएकोले प्रमाण पेश गर्ने, अन्यथा असूल गर्नुपर्ने, रु. ...........................</td><td>३४८०००/-</td></tr>
<tr><td>८९.</td><td>वडा नं. ९ : कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत ३०२ गोटा गिरिराज कुखुराको चल्ला खरिद गरी वितरण गरेकोमा सो वितरण गर्दा अपनाउनु पर्ने समूह गठन तथा दर्ता भएको प्रमाण देखिएन तथा सो समूहलाई के कति संख्यामा के कसरी वितरण गर्ने सो निर्णय नभएको हुनाले यसरी लक्षितवर्ग पहिचान नगरी वितरण गरेकोलाई नियम सम्मत मान्न नसकिने रु.</td><td>१०००००/-</td></tr>
<tr><td>९०.</td><td>प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम :</td><td></td></tr>
<tr><td>९१.</td><td>१५-०७५/३/२२, प्रधानमन्त्री कृषिवाट आधुनिकीकरणवाट रु.१५,००,०००।०० गाँउपालिकाको तर्फवाट रु.४,००,०००।०० समेत रु.१९,००,०००।०० को अनुदान व्यवस्था भएकोमा हलेसी दर्शन सहकारी संस्था अदुवा वेसार प्रशोधन तथा दुग्ध संकलन केन्द्र स्थापना गर्न रु.२५,६३,४८९।०० को ल.ई. तयार भई उपभोक्तावाट निर्माणको लागि उ.स.सम्झौता भई मिति २०७५।३।१६ मा रु.२५,७४,३६४।०० को कार्य सम्पन्न पेश गरेको छ । सो अनुरुप रु.१९,००,०००।०० भुक्तानी भएको छ । उक्त खर्च गरेको मध्ये गिट्टि, बालुवा, ईंटा लगायतका सामान ढुवानी वापत रु.६,४५,०००।०० खर्च भएको छ । उक्त ढुवानीमा अग्रिम कर रु.६४,५००।०० कट्टा गर्नुपर्नेमा रु.२९,५००।०० कट्टा गरी दाखिला भएकोले रु. ३५,०००।०० छुट भएको ढुवानी कर रकम असुल गरी दाखिला गर्नुपर्ने, रु.</td><td>३५०००/-</td></tr>
<tr><td>९२.</td><td>१९-०७५/३/१९, सुन्दर वस्ती कृषक समूह सुनकोशी गापा ५ मुलखर्क ओखलढुंगालाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत आलु (पकेट) कार्यक्रम अर्न्तगत पकेट कार्यक्रमका लागि रु.२ लाख अनुदान दिने व्यवस्था गरे अनुसार उक्त समूह संग मिति २०७५।१।२५ मा सम्झौता भई समूहका अध्यक्ष पूर्ण वहादुर तामाङलाई गो.भौ.नं. १८ मिति २०७५।२।१ मा रु.६६,०००।०० पेश्की उपलब्ध गराएकोमा निजलाई कार्य सम्पन्न पश्चात रु.२ लाख खर्च लेख्दा पेश्की रु.६६,०००।०० कटाएर रु.१,३४,०००।०० मात्र भुक्तानी दिनुपर्नेमा रु.२,००,०००।०० नै भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी दिएको रु.६६,०००।०० असूल गरी दाखिला गर्नुपर्ने, रु. ................</td><td>६६०००/-</td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ९३. | १६-०७५/३/२४, पोष्ट हार्भेष्ट सेन्टर सामग्री ढुवानीको लागि गाडि खरिद गर्न रु.१५,००,०००।- वजेट व्यवस्था भएको पाइयो । कार्यक्रम अनुसार प्रगतिशिल सामुदायीक संस्थाले व्यवसायीक कृषि सहकारी संस्थामा आधारीत व्यवसायीक कृषि उत्पादन केन्द्र ब्लक संचालन तथा ढुवानीका लागि समूहले रु.२१,२५,०००।- मा महेन्द्र पिक अप गाडी खरिद गरी ल्याए पश्चात कार्यालयको तर्फवाट रु.१५,००,०००।- उपलब्ध गराएको पाईयो । उक्त खरिद गरिएको गाडी के कसरी प्रयोग भएको हो सो सम्वन्धमा कार्यालयवाट अनुगमन तथा निरिक्षण गरेको पाईएन । उक्त गाडी समूहको जिन्सी खातामा आम्दानी वाध्नुपर्नेमा बाँधेको नपाईएकोले जिन्सी दाखिला प्रमाण पेश हुनुपर्ने रु... | १५०००००/- |
| | **पशु विकास कार्यक्रम तर्फ :** | |
| ९४. | ५-०७५/३/२४, दुधमा आत्मनिर्भर कार्यक्रम अन्तर्गत १५ जनाको एक समूहलाई गोठ सुधार गर्न प्रति किसान रु.१० हजार का दरले रु. १,५०,०००।०० उपलब्ध गराइएको पाइयो । किसानहरुले के कसरी गोठ सुधार गरेको छ भनि कार्यालयवाट अनुगमन तथा मुल्यांकन गरेको पाइएन । अनुदान उपलब्ध कार्यको कार्यालयवाट नियमित अनुगमन हुनुपर्दछ । | |
| ९५. | ७-०७५/३/२४, १० वटै वडाका भुकम्प पिडीतहरुलाई वाखा वितरण कार्यक्रम अर्न्तगत एउटा वडामा ४ जनाका दरले ४० जनालाई २/२ वटा का दरले ८० गोटा वाखा प्रति वाखा रु.५,९००।०० ले खरिद रु.४,७२,०००।०० खर्च लेखेको पाइयो । वितरण गरेको वाखाहरु के कसरी पालन पोषण गरेका छन् सो सम्वन्धमा कार्यालयवाट अनुगमन गरेको पाइएन । नियमित अनुगमन तथा निरीक्षण गरी आय आर्जन कार्यलाई प्रवर्द्धन गराउने तर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ । | |
| ९६. | ७-०७५/३/२४, कृषकहरुलाई वितरण गर्नको लागि विभिन्न किसिमका डालेघाँसहरु टाकी, कुटमिरो, दुधिलो प्रतिगोटा रु.५ का दरले किम्वु प्रतिगोटा रु.३ का दरले र अमरिसो रु. ५ र नेपियर रु.३ का दरले खरिद गरेको भरपाई समावेश गरेको छ । तर खरिद गरेका डाले घाँसहरु कति वटा रु. ५ का र कति वटा रु.३ का हुन उल्लेख नगरी एकमुष्ठ रकम उल्लेख गरेको पाइयो । वितरण गर्दा पनि कुन कुन जातका विरुवा हुन उल्लेख गरेका पाइएन । कार्यक्रम अनुसार रु.७५,०००।- का १८००० विरुवा खरिद भएकोमा १६८७२ विरुवा मात्र किसानलाई वितरण गरेको देखिँदा रु.४,७००।- मुल्य वरावरका ११२८ विरुवा वितरण गरेको नपाइएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु. ............................... | ४७००/- |
| | **कृषि प्रसार तर्फ :** | |
| ९७. | २२-०७५/३/२४, कृषि औजार थ्रेसर ४ वटा खरिद गरि स्मार्ट एग्रो सोलुसन प्रा.लि.लाई कार्यालयको तर्फवाट रु. १,६०,०००।- भुक्तानी गरेकोमा अग्रिम कर कट्टा नगरेकोले अग्रिम कर असुल गरी दाखिला गर्नुपर्ने रु. ..... | २४००/- |
| ९८. | ७-०७५/३/१, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगतको गाँउ स्तर कार्यक्रम सम्वन्धी अन्तर्कृया, गोष्ठि र सीप विकास अभिवृद्धी तालिम संचालन गरी रु.३,००,०००।- खर्च लेखेको छ । उक्त खर्च रकम प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ( व.उ.शि.न.३१२१६३) वाट लेख्नु पर्नेमा कृषि प्रसार (३१२८०२३) वाट नियम विपरित वजेट उप शिर्षक फरक पारी खर्च लेखेको नियमसम्मत देखिएन, रु. . | ३०००००/- |
| ९९. | ४-०७५/२/३, मागमा आधारित कार्यक्रम अर्न्तगत ८० जना किसानहरुलाई थ्रेसर तथा मिनि टेलर वितरण गर्न खरिद गरी सुप्रिम कन्सर्नलाई रु.४,००,०००।०० भुक्तानी गरेको छ । ढुवानी भाडा वापत रु.४५,०००।०० खर्च लेखेकोमा ढुवानीमा अग्रिम कर कट्टा नगरेको हुनाले वहाल कर रु.४,५००।०० असुल गरी दाखिला गर्नुपर्ने रु. ............ | ४५००/- |
| १००. | ३२–०७५/३/२०, **साना सिँचाई तर्फ** : सृजनशिल कृषक समूह, सुनकोशी २ द्धारा वेसरी | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | खोलामुहानमा पाइप विछ्याई दामन खेल सिँचाईको लागि कार्यालयवाट रु.५५,०००।- उपलब्ध गराएकोमा उपभोक्ता समूहवाट उक्त कार्य गरेको फोटो समावेश गरेको छैन भने कार्य सम्पन्न प्रतिवेदन समेत पेश नगरेको रु. ................................ | ५५०००/- |
| | **वडागत चालु तर्फः** | |
| १०१. | **अनुगमन खर्च :** कार्यालयवाट आयोजनाको अनुगमन गर्न भनि विभिन्न मितिमा भ्रमण आदेशवाट पटके रुपमा भत्ता भुक्तानी लिएको देखियो । यसरी आ-आफ्नै वडा भित्रको आयोजनाहरुको अनुगमन गर्न भनि लिएको अनुगमन खर्चको औचित्य पुष्टि समेत नहुने हुनाले यस्तो किसिमको खर्चतर्फ गाउँपालिकाले नियन्त्रण गर्नुपर्दछ । जस्तै : **वडा नं.१** ले रु.८२,८४०।००, **वडा नं.२** ले रु.९८,७००।००, **वडा नं. ३** ले रु.१,००,८००।०० आ-आफ्नै वडाको योजना अनुगमनमा खर्च लेखेको छ । यसरी नै सो अनुपातमा सवै वडाले अनुगमन खर्च लेखेको अवस्था छ । | |
| १०२. | **सामाजिक सुरक्षा भत्ता वितरणमा भ्रमण खर्च लेखेको :** वडा कार्यालय अन्तर्गत सामाजिक सुरक्षा भत्ता वुझाउन वडा अध्यक्ष र वडा सचिवले भ्रमण आदेश स्वीकृत गराई दैनिक भ्रमण भत्ता लिएको देखिन्छ । भ्रमण खर्च नियमावली, २०६४ मा दैनीक भ्रमण भत्ता पाउने दुरी समेत किटान गरी स्पष्ट व्यवस्था गरेको अवस्थामा आफ्नो दैनीक कार्यक्षेत्रमा खटी कार्य गरेवापत वडा अध्यक्ष तथा वडा सचिवले यस प्रकारले भ्रमण खर्च भुक्तानी लिने कार्य नियमसम्मत देखिएन । यसरी खर्च गर्ने परीपाटीलाई गाउँपालिकाले नियन्त्रण गर्नुपर्दछ । | |
| १०३. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको विल भर्पाई राख्नुपर्ने र ३६(८) मा भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । तर निम्न भुक्तानीमा वैठक वसेको प्रमाण वेगर खर्च लेखेको पाइएकोले खर्च पुष्टि हुने प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने, रु ................................ | ८९५००/- |

| भौ.नं. र मिति | वडा | कार्यक्रम | वैठक संख्या | भुक्तानी संख्या | प्रति वैठक रु. | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| २-०७५/३/३० | ७ | वडा कार्यसमितिको टोल भेला वडा भेला | ४ | ६ | १००० | २४००० |
| ३१-०७५/३/३० | ८ | योजनाहरुको अनुगमन | २ | १० | १००० | २०००० |
| २०-०७४/११/२० | ८ | योजनाहरुको अनुगमन | २ | ८ | १००० | १६००० |
| ५-०७४/७/२८ | ८ | योजनाहरुको अनुगमन | २ | १० | १००० | २०००० |
| २-०७४/७/२८ | ८ | वडा समितिको वैठक (१२ वटा वैठकको खर्च लेखेकोमा ४ वटा वैठक वसेको प्रमाण पेश नभएको | ४ र ३ | ४ र १ | ५०० र ५०० | ८००० १५०० |
| | | **जम्मा** | | | | ८९५००/- |

| | | |
|---|---|---|
| १०४. | १-०७४/७/२८, वार्ड नं. ८ मा वडा अध्यक्ष गुणराज भट्टराईको अध्यक्षतामा योजनाको प्राथमिकीकरण र वजेट विनियोजन माथि छलफल गर्न २०७४ भाद्र १६ र १९ गते वैठक वसेको प्रमाणवाट देखिन्छ । ५ जना सहभागी रहेको २ वैठकमा प्रति वैठक रु.१००० का दरले रु.१०,०००।०० खर्च लेख्नुपर्नेमा रु.२०,०००।०० खर्च लेखि रु.१०,०००।०० वढि भुक्तानी भएको छ । उक्त खर्च मध्ये अग्रिम कर कट्टा गरी भुक्तानी गरेको रकम रु.८,५००।०० असुल गरी दाखिला गर्नुपर्ने, रु. ............ | ८५००/- |
| | **आन्तरिक लेखापरीक्षणबाट कायम भएका व्यहोराहरु :** आन्तरिक लेखापरीक्षणबाट कायम भएको निम्नानुसारको बेरुजु फछ्यौट गरेको छैन : | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १०५. | ११-०७५/३/२२, खलाङ-६ कामी डाँडा खानेपानी योजना सुनकोशी-१ ले एच.डी.पी. पाईप ढुवानी गर्दा रु.२,९४,००० /- को १० प्रतिशतको बहाल कर रु.२,९४० /- कट्टी नगरकोले असूल गर्नुपर्ने, रु. | २९४०/- |
| १०६. | ३-०७५/३/५, पाटनदेवी आ.वि.,आम्वोटेलाई रु.२,००,००० /- को करकट्टी रु.१४०० नगरेकोले असूल उपर गर्नुपर्ने रु................. | १४००/- |
| १०७. | सुनकोशी कलर म्युनिसीपालिटी, सुनकोशी-९ लाई स्वास्थ्य सामाग्री खरिद वापत रु.१,४९,१६०।- भुक्तानी दिएकोमा सो रकमबाट फर्निचर खरिद गरेको पाइयो । गा.पा. वाट छुट्याईएको शिर्षकगत खर्चलाई वडाले रकमान्तर गर्न नमिल्ने भएकोले सो रकम नियमित गर्नुपर्ने, रु. ...... | १४९१६०/- |
| १०८. | ७-०७५/३/१५, कटुञ्जे मा.वि. खेलकुद मैदान, सुनकोशीलाई रु.२,००,००० /- भुक्तानी दिंदा गाडी बहाल कर वापत रु.६३०० /- कर कट्टी नगरेकोले असूल गर्नुपर्ने रु. ......... | ६३००/- |
| १०९. | विभिन्न मितिहरुमा विभिन्न गोश्वारा भौचरहरुवाट वडाको खर्च लेख्दा भ्रमण खर्च नियमावलीमा तोकिएको रकम भन्दा वढी भुक्तानी लिने तपशिलका पदाधिकारी तथा कर्मचारीहरुवाट रु.५०,०३०।- असूल गर्नुपर्ने रु. ...... | ५००३०/- |

| सि.नं. | पदाधिकारीको नाम | बढी भुक्तानी रकम |
|---|---|---|
| १ | वडा सचिव पेशल कुमार अधिकारी | ७५०० |
| २ | वडा सचिव बीर बहादुर थापाक्षेत्री | १३६०० |
| ३ | स्वास्थ्य संयोजक डम्परलाल यादव | २३८० |
| ४ | दिपहरी राई | ४७७० |
| ५ | प्रकाश सापकोटा | ७२० |
| ६ | सहदेव गिरी | २१६० |
| ७ | विष्णु कुमार खड्का | ११७०० |
| ८ | कुमार वहादुर राई | ७२०० |
| | **जम्मा** | **५०,०३०/-** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ११०. | ३-०७५/३/१९, धान पकेट सुनकोशी-१, बल्खुलाई रु.४,००,००० /- को अनुदान संझौतामा रु.८,८००।०० को बिल भरपाई बिना भुक्तानी भएकोले, बढी भुक्तानी रकम असूल गर्नुपर्ने रु. | ८८००/- |
| १११. | **बेरुजू** - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.९ लाख १० हजार, अनियमित बेरुजू रु.८४ लाख ४ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.१ करोड २ लाख ९२ हजार र पेश्की बाँकी देखिएको रु.८९ लाख ४८ हजारसमेत रु.२ करोड ८५ लाख ५४ हजार बेरुजू कायम भएकोमा कार्यालयबाट प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौटको लागि प्रमाण कागजात तथा जवाफ प्राप्त नभएकोले फछ्र्यौटबाट समायोजन हुन नसकी सोही रकम वरावर वेरुजु कायम भएको छ ॥ | |
| ११२. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : | |

| गत वर्षको वेरुजू रकम (रु) (A) | यो वर्ष फछ्र्यौट (B) | वाँकी (C=A-B) |
|---|---|---|
| ६५,३१ | - | ६५,३१ |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ११३. | **अद्यावधिक वेरुजू स्थिति :** गाँउपालीकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु)(C) | यो वर्षको सं.पं बाट कायम वेरुजू रु.(D) | यो वर्षको कायम वेरुजू (रु)(E) | बाँकी ( F=C+D+E) |
|---|---|---|---|
| ६५,३१ | - | २,८५,५४ | ३,५०,८५ |

**अनुसूची- १**

# सुनकोशी गाउँपालिका, ओखलढुंगको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| | ओखलढुंगा | सुनकोशी गाउंपालिका | ५६ | ७६ | २८५५४ | ० | ० | ० | ५६ | ७६ | २८५५४ | ९१० | ८४०४ | १०२९२ | ० | ० | १८६९६ | १९४ | ८७५४ | ८९४८ |

**अनुसूची- २**

# स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| | सुनकोशी गाउँपालिका | ओखलढुंगा | ५१२२ | १६१९९७ | १५१५१० | ११३२ | ३१४६३९ | १६६७४२ | ११०४६३ | ५६३० | २८२८३५ | ३६९२६ |